नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

१८ असोज २०८३

# अन्तरपार्टी निर्देशन–३

पार्टी केन्द्रीय कमिटीको तेस्रो बैठक पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा २०८३ असोज ५-८ मा ललितपुर महानगरपालिका वडा नं. १३ स्थित रामबाग पार्टी प्यालेसमा सफलतापूर्वक सम्पन्न भएको छ । पार्टी केन्द्रीय कमिटीको बैठकको आयोजनामा केही विलम्ब भएको भए पनि आमनिर्वाचन पछि उत्पन्न असहज परिस्थिति र अन्योलतालाई चिर्न बैठक सफल भएको छ । खुलाखुलस्त रूपमा भएको छलफलपश्चात् बैठकले राष्ट्रिय राजनीतिलाई दिशानिर्देश गर्ने गरी अध्यक्ष कमरेडले प्रस्तुत गर्नुभएको राजनीतिक प्रतिवेदन पारित गरेको छ । उक्त बैठकले केन्द्रीय कमिटीमा बरिष्ठ नेताको व्यवस्था गर्ने, विधानको व्यवस्थाअनुरूप केन्द्रीय कमिटीमा सदस्यहरूको मनोनयन गर्ने र स्थायी कमिटी गठन गर्नेसम्मको महत्वपूर्ण काम सम्पन्न गरेको छ । पार्टीको तेस्रो बैठकले लिएका महत्वपूर्ण निर्णयहरू जानकारी तथा कार्यान्वयनका लागि अन्तरपार्टी निर्देशन-३ जारी गरिएको छ । आ आफ्नो कार्यक्षेत्रमा रचनात्मक हिसाबले लागू गर्नु र गराउनुहुन निर्देश गरिन्छ ।

### क) अध्यक्षको सम्बोधन र राजनीतिक प्रतिवेदन प्रस्तुतः

केन्द्रीय कमिटीको बैठकमा अध्यक्ष केपी शर्मा ओलीले लिखित सम्बोधन गर्नुभएको थियो । राजनीतिक प्रतिवेदन र प्रस्तावका रूपमा रहेको उक्त सम्बोधनमा वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति, देशको वर्तमान अवस्था तथा भदौ २३ र २४ को घटनाको विश्लेषण गर्दै पार्टी दृष्टिकोण प्रस्तुत गरिएको छ । साथै, चुनावको गहिरो समीक्षासहित हारका कारणका रूपमा बाह्य प्रहारसँगै आन्तरिक कमजोरीहरूको विश्लेषण गरिएको छ । त्यसरी नै पार्टीभित्र र बाहिर उठिरहेको पुनर्गठन, रूपान्तरण, हस्तान्तरण र पुस्तान्तरणका सन्दर्भमा पार्टीको दृष्टिकोण समेत स्पष्ट गरिएको छ । अध्यक्षको सम्बोधनमा पार्टीका दुई प्रमुख कार्यभार र तत्काल गर्नुपर्ने १५ कामको चर्चा गरिएको छ । राजनीतिक प्रतिवेदनका रूपमा रहेको पार्टी अध्यक्षको सम्बोधन मार्फत आएकाराजनीतिक प्रतिवेदनका वर्तमान राजनीतिक परिस्थितिका सन्दर्भको पार्टी दृष्टिकोण प्रस्तुत गरेको छ र वर्तमान समयमा पार्टीसामू उत्पन्न चुनौतीलाई सामना गर्दै पार्टीलाई पुनर्जागृत गर्न महत्वपूर्ण आधार प्रदान गरेको छ । अध्यक्षले प्रस्तुत गर्नु भएको राजनीतिक प्रतिवेदनका प्रमुख विशेषता र पार्टीका आगामी दिनका प्रमुख कार्यभार तथा पार्टीलाई पुनः राष्ट्रिय राजनीतिको प्रमुख शक्तिका रूपमा स्थापित गर्न गर्नुपर्ने कामको सारसङ्क्षेप निम्नानुसार उल्लेख गरिएको छ । (राजनीतिक प्रतिवेदनको पूर्ण पाठ अलगै पुस्तिकाका रूपमा प्रकाशित गरिनेछ ।)

### १ हामी कठीन मोडमा छौः सामना गर्दै अघि बढ्नुपर्छ

निर्वाचनको परिणामले हामीलाई गहिरो चोट पुर्‍याएको छ । त्यो चोट सिट संख्यामा मात्रै सीमित छैन । गाउँगाउँका कार्यकर्ताको मनमा पनि छ । जनतासँगको हाम्रो सम्बन्धका बारेमा उठेको प्रश्नमा पनि छ । युवाहरूले हामीले सुन्नुअघि नै धारणा बनाइसकेको अवस्थामा छ । हाम्रो गौरवपूर्ण इतिहास, योगदान र उपलब्धीहरू ओझेलमा पारिएको पीडामा छ । यो गहिरो पीडा र चोटले दुईवटा बाटो



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

देखाउँछ । पहिलो, दु:ख मानेर चुप लागेर बस्ने वा भाग्ने, दोस्रो, दु:खलाई संकल्प, शक्ति र सक्रियतामा बदल्ने । हामीले दोस्रो बाटो रोज्नु पर्दछ ।

पार्टी अध्यक्षको हैसियतले म निर्वाचन परिणामप्रतिको नैतिक जिम्मेवारी स्विकार गर्छु । सत्य हो– हामीले बैरीको चौतर्फी हमलाको आवश्यक प्रतिकार गर्न र त्यसलाई पराजित गर्न सकेनौ । हाम्रा मनमा प्रश्न छन्– जनताको मनसम्म हाम्रो कुरा किन पुग्न सकेनन् ? हामीले गरेका काम जनताको स्मृतिमा किन टिकाउन सकेनौ ? शासनमा रहँदा जनताको दैनिक जीनवमा सकारात्मक परिवर्तनको अनुभूति पर्याप्त रूपमा किन दिन सकेनौ ? युवाको बेचैनीलाई हामीले सुनेका छौ भन्ने विश्वास किन दिलाउन सकेनौं ? संगठनका कतिपय तह किन सुस्त भए ? डिजिटल युगमा हाम्रो आवाज किन कमजोर भयो ? यस्ता प्रश्नहरू हामी आफैले महसुस गरेका छौं । यी प्रश्नहरूबाट हामी भाग्ने होइन, समाधान गरेरै अघि बढ्नु पर्दछ ।

जिम्मेवारी स्विकार गर्नु र मैदान छोडेर भाग्नु एउटै कुरा होइन । विरामी देखेर डाक्टरले अस्पताल छोड्दैन । बालीमा रोग लागेको देखेर किसानले खेत छोड्दैन । त्यसरी नै संकटको बेला नेतृत्वले संगठनलाई अनिश्चिततामा छोड्नु हुँदैन । कुशल नेतृत्वको कर्तव्य कमजोरी खोज्नु, सच्याउनु, सत्यको सामना गर्नु, कार्यकर्ताको मनोबल उठाउनु, जनताको घरमा फर्कर जनसम्बन्धमा सुधार ल्याउँदै पार्टी र आन्दोलनको भविष्यलाई सुरक्षित बनाउनु हो । यो समय इतिहासको गौरवलाई भविष्यको कार्ययोजना र उपलब्धीसँग जोडेर अघि बढ्ने समय हो । हाम्रो यात्रा अब सोही दिशातर्फ केन्द्रित हुनुपर्दछ ।

**२ भूराजनीति संवेदनशील अवस्थामा छ, हाम्रो जागरूकता अपरिहार्य छ**

विश्वराजनीति तीव्र परिवर्तनको चरणबाट गुज्रिरहेको छ । शक्तिराष्ट्रहरूमा हुर्कदै गएको उग्र राष्ट्रवाद, संरक्षणवाद र एकपक्षीयताको उदयले संयुक्त राष्ट्रसंघको भूमिका कमजोर बनेको छ । अन्तर्राष्ट्रिय सहयोग र पारस्परिक सम्मानका सिद्धान्तहरू क्षय हुँदै गएका छन् । शक्ति राष्ट्रहरूका बीचको आपसी प्रतिस्पर्धा द्वन्द्वको रूपमा प्रकट हुने अवस्था छ । साना तथा कमजोर राष्ट्रहरूको सार्वभौमिकतामा आक्रमण, धम्की र हस्तक्षेप बढ्दो छ । विश्वव्यापीरूपमा बढ्दो द्वन्द्व र तनावसँगै विश्व शक्ति सन्तुलनमा ठूलो परिवर्तन देखापरेको छ । अजेय ठानिएको सैन्य शक्ति, प्रविधि र अन्वेषणमा अग्रता तथा आर्थिक आधिपत्यमाथि प्रश्न चिन्ह खडा भएका छन् । चीन, भारत र ब्राजिलजस्ता उदीयमान अर्थतन्त्रहरूले पश्चिमी आर्थिक प्रभुत्वको विकल्प खडा गर्दै लगिरहेका छन् ।

विज्ञान र प्रविधिमा अभूतपूर्व प्रगति भएको छ । यान्त्रिक वौधिकता (एआई), जेनेटिक इन्जिनीयरिङ र रोवोटिक्सको द्रूत विकासले विश्व अर्थतन्त्र, मानव चेतना र समग्रमा मानव समाजलाई नै गम्भीर रूपले प्रभावित गरिरहेको छ । उपलब्धीसँगै यसका जोखिम र चुनौतीहरू तीव्र रूपमा प्रकट भइरहेका छन् । कतै यान्त्रिक बौद्धिकता (एआई) मानव सिर्जनशीलता, सभ्यता र सामूहिक विवेकलाई समाप्त पार्ने त होइन भन्ने चिन्ता बढाएको छ । यसले बेरोजागरीको समस्या वृद्धि गर्नुका साथै आय असमानतालाई थप तीव्र बनाएको छ । यस्तो स्थितिमा विज्ञान र प्रविधिको अन्वेषण, विकास र नवप्रवर्तनको लाभ मानव जातिका लागि सामूहिक हुनुपर्दछ भन्ने हाम्रो मान्यता हो ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

जलवायु परिवर्तनले जलवायु संकटको रूप लिदै छ । औद्योगिक राष्ट्रहरूले लामो समयदेखि ठूलो मात्रामा उत्सर्जन गरेको कार्वनका कारणले पृथ्वीमा तापमानमा उल्लेख्य वृद्धि हुँदै गएको छ । यसबाट विश्वव्यापीरूपमा जलवायु संकट उत्पन्न भइरहेको छ । जलवायु परिवर्तनले मौसमी प्रणालीलाई गम्भीर असर पारिरहेको छ । लामो खडेरी र अतिवर्षाको समस्या देखिन थालेको छ । पानी नपर्ने ठाउँमा पानी पर्ने र पानी पर्ने ठाउँमा पानी नपर्ने समस्या देखिन थालेको छ । जलवायु परिवर्तनले हिमालय क्षेत्रमा गम्भीर संकट र चुनौती उत्पन्न गरिदिएको छ र त्यसको असर समुद्र तटीय क्षेत्रमा समेत परिरहेको छ । यतिबेला हाम्रो मुलुक जलवायु परिवर्तनका कारणले उत्पन्न प्राकृतिक विपदको गम्भीर प्रभावमा छ । जलवायु परिवर्तनमा हाम्रो योगदान नगन्य छ । तर पनि त्यसको मार हामीले भोगिरहेका छौं । भोटेकोशी र त्रिशूलीमा आएको हिमाली सुनामीले नेपालको जिडीपीको १० प्रतिसतभन्दा माथिको भौतिक क्षति भएको छ । अहिले पनि छ हजारभन्दा बढी मानिसहरू हराइरहेका छन् । दिनहूँजसो कुशको प्रतीक बनाएर दाहसंस्कार गर्ने पीडाजनक दृश्यले पीडित परिवारले भोग्नुपरेको पीडा हामी सबैलाई अनुभूति भइरहकै छ । हाम्रो बैठक चलिरहेको समयमा बंगालको खाडीबाट सुरू भएको चक्रवातका कारणले सुरू भएको अतिवर्षाका कारणले समेत सिंगो मुलुक बाढी पहिरो र डुवानको समस्याबाट आक्रान्त बनेको छ । यतिबेला प्रकृतिको संरक्षण र जलवायु न्यायको विषय हाम्रो सरोकारको विषय हो । राहत, उद्धार र पुनःस्थापना तथा पुनर्निर्माणका सन्दर्भमा मिलेर काम गर्नु हामी सबैको कर्तव्य हो ।

भूराजनीतिक चलखेल र द्वन्द्वको शिकार हाम्रो मुलुकको संवेदशील भूराजनीति बन्दै गइरहेको छ । गत वर्षको भदौ २३ र २४ मा नेपाली समाजले गम्भीर राजनीतिक अस्थिरताको सामना गर्नुपऱ्यो । जेनजी आन्दोलनका रूपमा सुरू भएको घटनाक्रमले अभूतपूर्व हिंसाको रूप लियो । राज्यका पूर्वाधार, ऐतिहासिक स्थल र लोकतान्त्रिक संस्थाहरूलाई निसानामा पारियो । निर्वाचित सरकार ढालियो र संसद विघटन भइ गएको फाल्गुन २१ मा आमनिर्वाचन भयो । नेपालको संविधानले शान्तिपूर्ण विरोध र संवैधानिक प्रक्रियामार्फत सरकार परिवर्तनको मौलिक अधिकार सुनिश्चित गरेको छ । तर जनभावना भड्काउने, त्यसको दुरूपयोग गर्ने, लोकतान्त्रिक संस्थाहरूलाई निसाना बनाउने र निजी तथा सार्वजनिक सम्पत्तिमा आगजनी, तोडफोड र लुटपाट गर्ने कुरालाई क्रान्ति वा आन्दोलन मान्न सकिदैन । हालै विभिन्न विदेशी संचारमाध्यममा आएका नयाँ तथ्यहरूले नेपालको आन्तरिक राजनीतिमा भूराजनीतिक स्वार्थहरू कसरी प्रकट भएका थिए भन्ने तथ्यलाई उजागर गर्दै लगेका छन् । यस्ता कुराप्रति नेपाली समाज सचेत र जागरूक हुनुपर्दछ ।

भदौ २३ र २४, २०८२ को घटनायता नेपालमा बाह्य चासो र चलखेल बढ्दै गएको छ । नेपालको भूमिबाट छिमेकीहरूका संवेदनशीलतामाथि आँच पुऱ्याउने काम सरकारकै संरक्षणमा भइरहेको छ । नेपालको मूल्यवान् खनिज सम्पदाका बारेको पछिल्लो समयमा आइरहेका संवेदनशील सुचना र समाचारहरूले आमनेपाली जनतालाई सशंकित बनाएको छ । प्राकृतिक स्रोतमा नेपाली जनताको अक्षुण्ण सार्वभौम अधिकार छ र त्यसको कुनै पनि बहानामा उल्लङ्घन गर्न पाइदैन । हामी राष्ट्रिय हितसँग जोडिएका यी संवेदनशील मुद्दाका बारेमा सचेतनापूर्वक निगरानी गरिरहेका छौं । सम्पूर्ण देशभक्त नेपाली जनता र जिम्मेवार राजनीतिक दलहरूलाई पनि यस्ता संवेदनशील विषयमा गम्भीर र संवेदनशील हुन आह्वान गर्दछौं ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

**३ संविधान र लोकतन्त्र नै संकटमा छन्, सही दिशामा फर्काउनु छ**

लोकतन्त्र विधिको शासन व्यवस्था हो । संकटका नाममा संविधानको नियमित बाटो छोड्ने अभ्यास स्थापित भयो भने त्यसले भविष्यमा खतरनाक नजिर स्थापित गर्न पुग्छ । बाध्यताका नाममा एउटा अपवाद स्वीकार गरेपछि भोलि अर्को अपवाद रोक्ने नैतिक आधार कमजोर हुन्छ भनेर नै जेनजीहरूको भावनाको सम्मान गर्न पनि संवैधानिक बाटो खोज्नुपर्दछ भन्ने मान्यतामा हामीले जोड दिएका थियौं । तर हाम्रो कुराको सुनवाइ भएन । नयाँ जनादेश पछि आएको सरकार र त्यसको नेतृत्व संविधान, संवैधानिक व्यवस्था र विधिको शासनविपरीत स्वेच्छाचारी र अधिनायकवादी बाटोतर्फ अग्रसर छ । सुरूदेखि नै वर्तमान सरकार प्रतिशोध र पूर्वाग्रहको बाटोमा हिँड्न सुरू गऱ्यो । विना कुनै तथ्य र प्रमाण पूर्वप्रधानमन्त्री र गृहमन्त्रीलाई गैरकानूनीरूपमा नियन्त्रणमा लिने काम गऱ्यो । पछिल्लो समयमा पूर्वप्रधानन्यायाधीशलाई सुरक्षाका नाममा व्यक्तिको चाहनाविपरीत अपहरणको शैलीमा गिरफ्तार गरेर छोड्ने काम भयो । सम्पत्ति सुद्धीकरण र छानविनका नाममा नियोजितरूपमा त्रासको वातावरण सिर्जना गर्ने काम भइरहेको छ । लोकतन्त्रको नर्सरी मानिने स्वतन्त्र विद्यार्थी युनियनको अधिकार खोस्ने काम भएको छ । ट्रेड युनियन अधिकारमाथि बन्देज लगाउने काम भएको छ । संसदीय लोकतन्त्रमा सरकार अविच्छिन्न उत्तराधिकार संस्था हुने मान्यताविपरीत राजनीतिक पूर्वाग्रहका आधारमा पजनी सुरू गरिएको छ । संविधान संशोधनको आधारपत्र तयार गर्ने नाममा राजनीतिक दलहरूसँग सहमति र परामर्शविना संविधानका आधारभूत विशेषतालाई उल्ट्याउने षड्यन्त्र भइरहेको छ ।

नेपालको संविधान कुनै एक व्यक्ति वा संस्थाको सिर्जना होइन । यो जनआन्दोलन, राजनीतिक सङ्घर्ष, संविधानसभा, सहमति-असहमति, सम्झौता, बलिदान र ऐतिहासिक जिम्मेवारीको परिणाम हो । गणतन्त्र, लोकतन्त्र, सङ्घीयता, समावेशिता, धर्मनिरपेक्षता, मौलिक अधिकार र संसदीय शासन प्रणाली लामो राजनीतिक सङ्घर्षबाट आएका उपलब्धी हुन् । संविधान जारी गर्ने दृढता र पहलकदमी हाम्रो हो । यसप्रति हाम्रो पार्टीलाई गौरव छ ।

नेपालको संविधान २०७२ का वास्तविक मालिक नेपाली जनता हुन् । जनताको सार्वभौम इच्छालाई संविधानअनुरूप नीति, कानून र संस्थामा रूपान्तरण गर्ने माध्यम राजनीतिक दलहरू हुन् । राजनीतिक दलहरूको भूमिकालाई अस्विकार गरेर लोकतन्त्र बलियो हुन सक्तैन । नेपाल सामान्य भूराजनीतिक अवस्थाको देश होइन । हामी दुई ठूला छिमेकीको बीचमा छौं । नेपालमा विश्वशक्ति राष्ट्रहरूको चासो बढिरहेको छ । कमजोर संस्था, विभाजित राजनीतिक दल, उत्तेजित समाज र भावनामा आधारित विधिविहीन निर्णयले बाह्य चासोलाई आन्तरिक राजनीतिमा प्रवेश गर्ने ठाउँ दिन्छ । यस्ता कुरामा वर्तमान सरकार संवेदनशील देखिदैन । बरू शक्ति राष्ट्रहरूको स्वार्थको गोटी बन्न खोजेको आशंका बढ्दो छ । यस्तो स्थितिमा संविधान, संवैधानिक व्यवस्था र स्वाधीनताको जगेर्नाका लागि संविधानका पक्षधर शक्तिहरू मिलेर अघि बढ्नु आवश्यक छ ।

**४ निर्वाचन समीक्षा: वाह्य प्रहारसँगै आन्तरिक कमजोरी हारको कारण**

गतिशील राजनीतिक पार्टी जीवित शरीर जस्तै हो । नेतृत्व, संगठन, विचार, जनसम्पर्क, सञ्चार, उम्मेद्वार, शासनशैली, सामाजिक मनोविज्ञान र बाह्य वातावरणजस्ता विषयले परिणाममा प्रभाव पार्दछन् । हामीमाथि लामो समयदेखि नै बाह्य प्रहार र घेराबन्दी थियो । राजनीतिक प्रतिस्पर्धी,

विभिन्न स्वार्थ समुह, डिजिटल अभियान, एक पक्षीय सूचना प्रवाह र एमाले विरूद्धका भावनात्मक कथाहरू एकैसाथ सक्रिय थिए । पुराना दल समस्या हुन्, पुरानो नेतृत्व भ्रष्टाचारको पर्याय हो र नेकपा (एमाले) त्यसको मुख्य प्रतिनिधि हो भन्ने गलत भाष्य निर्माण गर्ने निरन्तरको प्रयास थियो । नवयुवाहरूको भावनालाई निरन्तररूपमा भड्काउनका लागि के-कस्ता संस्था संलग्न थिए र के-कस्ता प्रयासहरू गरेका थिए भन्ने कुरा पछिल्लो समयमा तथ्यगतरूपमा बाहिर आउँदै पनि छन् । निर्वाचनको मौन अवधिमा बीबीसी नेपाली सेवाले प्रशारण गरेको भिडियो डुकुमेन्ट्री हामीलाई कमजोर बनाउने प्रायोजित सामाग्री थियो भन्ने कुरा पछिल्ला समयमा प्रकाशित कार्की आयोग र मानवअधिकार आयोगको रिपोर्टले पनि पुष्टि गर्दछन् । अहिले पनि नेपालको राजनीतिमा देखिएको भूराजनीतिक चलखेलको तीव्रताले पनि जेन्जी आन्दोलन र निर्वाचनमा त्यसको प्रभावलाई आकलन गर्न सकिन्छ । तर बाह्य कारण देखाएर मात्रै हामी आफ्नो जिम्मेवारीबाट मुक्त हुन सक्तैनौ । हाम्रा आफ्ना आन्तरिक कमजोरीहरू छन् र त्यसलाई समाधान गर्दै अघि बढ्नु पर्दछ । हाम्रा प्रमुख कमिकमजोरीहरू यसप्रकार रहेका छन् :

पहिलो - हाम्रो सङ्गठन ठूलो छ, तर धेरै ठाउँमा जनताको दैनिक जीवनसँग हाम्रो सम्बन्ध पातलो भयो । पार्टीका नेता र जनप्रतिनिधि जनताको घर, खेत, कारखाना, विद्यालय, अस्पताल, बजार, सहकारी र युवाको डिजिटल संसारमा नियमितरूपमा उपस्थित हुन सकेनन् । किसानले मूल्य नपाउँदा त्यहाँ हाम्रो कमिटी कति पुग्यो ? साना व्यापारी कर र भाडाले थिचिँदा हाम्रो नेतृत्व कति पुग्यो ? विदेश जान लाइनमा बसेका युवासँग हामीले कति संवाद गर्‍यौं ? शिक्षक, स्वास्थ्यकर्मी, मजदुर, महिला, विद्यार्थी, बृद्ध, अपाङ्गता भएका नागरिक, भूमिहीन, सुकुम्बासी— उनीहरूको पीडा हाम्रो राजनीतिक भाषामा पर्याप्त आयो कि आएन ? यी प्रश्न हामीले आफैँलाई सोध्नुपर्छ । त्यसमा सुधार ल्याउने संकल्प गर्नुपर्दछ ।

दोस्रो - नव युवासँगको हाम्रो संवाद अपरिहार्य छ । नयाँ पुस्ता इतिहासबाट दीक्षित हुन्छ, तर भविष्यबाट प्रेरित हुन्छ । उनीहरू २०४६, २०६२/६३, संविधान निर्माण, नाकाबन्दीको सामना, विकासका योजनाहरू— यी सबै कुरा सुन्छन् । तर उनीहरूको पहिलो प्रश्न हुन्छ— मेरो काम कहाँ छ ? मेरो उद्यम कसरी सुरू हुन्छ ? मेरो शिक्षा विश्वस्तरको किन छैन ? मेरो पासपोर्ट नै मेरो भविष्य किन बन्यो ? मेरो आवाज पार्टीभित्र कहाँ छ ? हामीले इतिहासको गौरव सुनायौँ, भविष्यको ठोस नक्सा पनि बतायौं तर युवाकै भाषामा, उनीहरूकै गतिमा र सुन्ने गरी दिन सकेनौँ । यही खाली ठाउँलाई अरूले आक्रोश, व्यङ्ग्य र नयाँपनको भाषाबाट भरिदिए । भलै उनीहरूका बाचा मनोगत नै किन नहोस् उनीहरूले त्यसप्रति भरोसा गर्ने स्थिति बन्यो ।

तेस्रो - विरोधीको आरोप सरल, तर हाम्रो सत्य जटिल हुनपुग्यो । सरल आरोप जनताको मनमा छिटो बस्छ, जटिल स्पष्टीकरण सुन्न धैर्य चाहिन्छ । आधुनिक राजनीति केवल सही हुनुले मात्र सफल हुँदैन । सही कुरालाई सही समयमा, सही भाषामा, सही माध्यमबाट पुऱ्याउनु पनि हो। हामी तथ्य लिएर निकै ढिलो पुग्यौं । हामीले डिजिटल मञ्चलाई पूरक साधन ठान्यौं, जबकि नयाँ पुस्ताका लागि त्यही मुख्य राजनीतिक चौतारो भइसकेको थियो । हामीले सभाको भाषालाई मोबाइलको भाषामा बदल्न एकदमै ढिलो गर्‍यौं ।

चौथो – नेकपा (एमाले)को कमिटी संरचना विस्तृत छ, सदस्य सङ्ख्या ठूलो छ । तर ठूलो संरचना चलायमान नभए भार बन्छ । जीवविज्ञानमा शरीर ठूलो भएर पनि स्नायु सुस्त भयो भने प्रतिक्रिया ढिलो हुन्छ । पार्टीमा पनि यही भयो । कतिपय कमिटीहरू नाम मात्रका थिए, काममा थिएनन् । सदस्यता थियो, संगठनात्मक सक्रियता थिएन । जनवर्गीय सङ्गठन थिए, तर समाजका आफू सम्बन्धित वास्तविक प्रश्नमा उनीहरूको निरन्तर हस्तक्षेप कमजोर रह्यो । चुनाव नजिक आएपछि चल्ने सङ्गठन र वर्षभरि जनतासँग बस्ने सङ्गठन फरक हुन्छ । हामीले दोस्रो प्रकारको सङ्गठन बनाउने काम अधुरो छोड्यौं । सङ्गठनहरू चुनाव आएपछि पनि आवश्यक मात्रामा गतिशील हुन सकेनन् ।

पाँचौं – पार्टी ठूलो भएपछि आकाङ्क्षा पनि ठूलो हुन्छ । अझ पार्टी सरकारमा जाने र लाभका अवसरहरू उपलब्ध हुने स्थितिमा व्यक्तिका स्वार्थहरू पनि झाँगिएर आउँछन् । जिम्मेवारी बाँडफाँट, अवसर, निर्णय प्रक्रिया, उम्मेदवार छनोट, पदोन्नति, मूल्याङ्कन– यी सबै विषयमा असन्तोष जन्मिन्छ । असन्तोषलाई समयमा सुन्ने, संवाद गर्ने, तथ्यमा आधारित निर्णय दिने, असहमतीलाई पार्टीभित्रै सम्मानपूर्वक स्थान दिने संस्कृति अझ बलियो हुनुपर्छ । यदि असन्तोष भित्र सुन्ने व्यवस्था कमजोर भयो भने त्यो बाहिर विस्फोट हुन्छ । सबै संगठन र सबै कमिटीहरूले यी कुराहरूमा ध्यान दिनु आवश्यक छ । बाहिर विस्फोट भएपछि त्यसलाई विरोधीले प्रमाणका रूपमा प्रयोग गर्छन्, पार्टीभित्रै असन्तुष्ट आवाजलाई बाह्य प्रहारको सहायक बनाउँछन् ।

छैटौं – प्रशासनिक व्यवहारमा यथेष्ट सुधार ल्याउन नसक्नु शासन शैली थियो । सरकारमा हुँदा राम्रो नीति पर्याप्त हुँदैन, जनताले परिणाम महसुस गर्नुपर्छ । ठूला सडक, पूर्वाधार, रणनीतिक सम्झौता, दीर्घकालीन कार्यक्रम– यी सबै आवश्यक छन् र हामीले ठूलो उपलब्धीहरू हासिल गऱ्यौं । तर नागरिकको दैनिक जीवनमा सेवा, गति, सम्मान र सरलता नआए सरकारको उपलब्धी कागजमा सीमित भए सरह हुन्छ । जनताको अनुभवमा सरकार अस्पतालको लाइन हो, मालपोतको झ्याल हो, प्रहरी चौकीको व्यवहार हो, विद्यालयको गुणस्तर हो, किसानको अनुदान हो, युवाको रोजगार हो, साना व्यवसायीको कर कार्यालय हो । यी कुराहरूमा हामीले ठूलठूला सुधारहरू गरे पनि जनअपेक्षाअनुरूप पर्याप्त सुधार हुन सकेन । यदि यी ठाउँमा सुधारको अनुभूति कमजोर भयो भने ठूलो उपलब्धी पनि जनताको मनमा कमजोर हुन पुग्यो ।

सातौं – राजनीति केवल कानुनी सफाइले चल्दैन, नैतिक विश्वासले पनि चल्छ । कुनै आरोप कानुनीरूपमा असत्य हुन सक्छ, तर जनताको मनमा शङ्का बसेको हुन सक्छ । त्यसैले आरोप उठ्दा केवल प्रतिवाद होइन, पारदर्शी प्रक्रिया, सार्वजनिक उत्तर, छानबिनमा सहयोग र जनतालाई बुझ्ने भाषा चाहिन्छ । गोयबल्सी झुट हावी भएको यस जमानामा प्रचारको नगरा कसले चर्को बजाउँछ भन्ने कुराको ठूलो महत्व छ । हामीले धेरै ठाउँमा आरोपलाई राजनीतिक षड्यन्त्र भनेर हल्का रूपमा लियौं । तर जनताको मनमा रहेको शङ्का हटाउन पर्याप्त मेहनत गरेनौं । सत्य आफ्नै बलले जित्छ भन्ने विश्वास हामीले गऱ्यौं तर आधुनिक सूचना युगमा सत्यलाई पनि स्थापित गर्नुपर्ने रहेछ ।

आठौं – स्थानीय नेतृत्व र केन्द्रीय नेतृत्वबीचको दूरी थियो । केन्द्रले राष्ट्रिय कथा बनायो, तर स्थानीयस्तरमा जनताको मुद्दा फरक थियो । कुनै ठाउँमा खानेपानी मुख्य थियो, कुनै ठाउँमा सडक, कुनै ठाउँमा बाढी, कुनै ठाउँमा जग्गा, कुनै ठाउँमा रोजगार, कुनै ठाउँमा विद्यालय, कुनै ठाउँमा



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

अस्पताल, कुनै ठाउँमा स्थानीय नेताको व्यवहार । राष्ट्रिय भाषणले स्थानीय पीडा छोप्न सक्दैन । चुनाव स्थानीय मनोविज्ञानको पनि योगफल हो । हामीले कतिपय ठाउँमा स्थानीय मागलाई केन्द्रीय उपलब्धीको भाषाले जवाफ दिन खोज्यौँ । यो पर्याप्त भएन ।

नवौँ - उम्मेद्वार छनोट र मूल्याङ्कन प्रणाली पनि प्रश्न उठ्यो । जनताले अब केवल पार्टीको झण्डा हेरेर मत दिँदैनन् । उनीहरूले व्यक्ति, व्यवहार, पहुँच, इमान, कामको रेकर्ड, सार्वजनिक छवि र भविष्यको क्षमता हेर्छन् । पार्टीको योगदान महत्वपूर्ण छ, तर उमेद्वारको सामाजिक विश्वास पनि त्यत्तिकै महत्वपूर्ण छ । पार्टीको पद ओहदा हेरेर एवं अन्य कतिपय अवाञ्छित प्रभावमा हुने सिफारिस संगठनात्मक तह र पहुँच हेरेर निर्णय हुनुपर्नेजस्ता कुराले पनि नतिजामा फरक पर्छ भन्ने बुझ्न जरूरी छ । लेनदेन, चलखेलमा सिफारिस भनेजस्तो नभए अन्तरघातजस्ता कुराले त पार्टीलाई निर्णायक क्षति नै पुर्‍याउने भए ।

दशौँ - एमालेको विचार बलियो छ । जनताको बहुदलीय जनवाद, समृद्ध नेपाल सुखी नेपाली, परिपूर्ण लोकतन्त्र, सामाजिक न्याय, राष्ट्रिय स्वाधीनता, उत्पादन, सुशासन र समृद्धि, लोकतान्त्रिक प्रतिस्पर्धा– यी कुरा आज पनि अर्थपूर्ण छन् । तर विचारलाई नयाँ समयको भाषामा अनुवाद र विस्तार गर्नुपर्छ । कृत्रिम बुद्धिमत्ता, डिजिटल अर्थतन्त्र, जलवायु सङ्कट, वैदेशिक श्रम, सहरी गरिबी, गिग अर्थतन्त्र, शिक्षा बजार, मानसिक स्वास्थ्य, महिला सुरक्षा, लैङ्गिक सम्मान, युवा उद्यम– यी सबै आजका राजनीतिक प्रश्न हुन् । हामीले सिद्धान्त राख्यौँ तर त्यसको नयाँ जीवनसँगको सम्बन्ध पर्याप्त स्पष्ट गर्न सकेनौँ । जे-जति गर्‍यौं त्यसलाई अल्गोरिदमले खाइदियो ।

मानिसले आफ्नो गल्ती बाहिर देख्न सजिलो मान्छ, भित्र हेर्न कठीन मान्छ । उपनिषद्का अनुसार, आत्मदर्शनबिना मुक्ति हुँदैन । पार्टीका लागि पनि आत्मदर्शन अनिवार्य छ। बाह्य प्रहार वास्तविक थियो, तर हाम्रो कमजोरी नभएको भए प्रहार त्यति प्रभावकारी हुने थिएन । रोगप्रतिरोधक शक्ति बलियो भएको शरीरमा सङ्क्रमण सजिलै फैलिँदैन । हाम्रो सङ्गठन, सञ्चार, जनसम्पर्क, नैतिक प्रतिरक्षा र युवा संवाद बलियो भएको भए बाह्य आक्रमणले यति गहिरो असर गर्ने थिएन । तर आत्मदर्शन र आत्मसमीक्षा आत्म अपमान होइन ।

आत्मसमीक्षा नेतृत्व विस्थापन गर्ने अभ्यास होइन । आत्मसमीक्षा त नेतृत्वलाई अझ जिम्मेवार बनाउने प्रक्रिया हो । महाभारतले पनि युद्धको कारण एक व्यक्तिमा मात्र खोज्दैन । त्यहाँ अहंकार, मौनता, गलत सल्लाह, असन्तुलित महत्वाकाङ्क्षा, अपमान, समयमै संवाद नहुनुजस्ता धेरै कारण मानिएको छ । हाम्रो हार पनि त्यस्तै बहुकारणीय घटना हो । कसैले सबै दोष अध्यक्षको भन्छ भने ऊ सजिलो सिकार खोजिरहेको छ । कसैले सबै दोष कार्यकर्ताको भन्छ भने ऊ जिम्मेवारीबाट भागिरहेको छ । कसैले सबै दोष बाहिरी शक्तिको भन्छ भने ऊ आफ्नै कमजोरी ढाकिरहेको छ । मेरो विचारमा पार्टीले हारलाई मूलतः चार तहमा बुझ्नुपर्छः

- **पहिलो, बाह्य राजनीतिक आक्रमणः** जसमा भूराजनीतिक स्वार्थको खेल, डिजिटल चरित्रहत्या, आरोपको एकतर्फी प्रवाह, पुराना दलविरोधी कथा र नेतृत्वमाथि केन्द्रित प्रहार ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

- **दोस्रो, संरचनात्मक असन्तोष:** जसमा बेरोजगारी, महँगी, भ्रष्टाचारप्रतिको आक्रोश र सेवा प्रवाहको प्रशासनिक कमजोरी ।
- **तेस्रो, आन्तरिक कमजोरी:** जसमा जनतासँग दूरी, युवा संवादको कमी, सञ्चार कमजोरी, सङ्गठनात्मक सुस्ती, असन्तोष व्यवस्थापनको कमी र शासन शैलीको कमजोरी ।
- **चौथो, चुनावी मनोविज्ञान र निर्वाचनमा असमान प्रतिस्पर्धा:** जसमा भदौपछिको भावनात्मक लहर, नयाँ शक्तिप्रतिको आकर्षण र पुराना दललाई सजाय दिने भाष्यको प्रभाव ।

**यसैले हाम्रो निष्कर्ष स्पष्ट छ:** हार बाह्य प्रहारको मात्र परिणाम होइन, हार हाम्रो आन्तरिक कमजोरीको परिणाम पनि हो । तर हार अध्यक्षको व्यक्तिगत असफलता होइन । यो सिङ्गो पार्टी संरचना, समयको मनोविज्ञान, बाह्य वातावरण, डिजिटल आक्रमण, चुनावी अवस्था र हाम्रा सङ्गठनात्मक कमजोरीहरूको संयुक्त परिणाम हो । यदि हामीले सही निदान गर्‍यौं भने उपचार सम्भव छ । यदि गलत निदान गर्‍यौं भने औषधी पनि गलत हुनेछ ।

म अध्यक्षका रूपमा आफ्नो भागको जिम्मेवारी स्वीकार गर्छु । तर म यो पनि भन्छु– यो समय भाग्ने समय होइन, यो समय दोषारोपणमा अल्झिने समय पनि होइन । यो समय एकताबद्ध भएर नेकपा (एमाले)को प्रतिरक्षा प्रणाली पुनर्निर्माण गर्ने समय हो । हामीले जनताको पीडा सुन्नुपर्छ, युवासँग उनीहरूले बुझ्ने भाषामा सम्वाद गर्नुपर्छ, पार्टी सङ्गठनलाई जगाउनुपर्छ । सत्यलाई छिटो र सरल बनाउनुपर्छ, आरोपको तथ्यगत जवाफ दिनुपर्छ र पार्टीभित्रको असन्तोषलाई सुधारको ऊर्जा बनाउनुपर्छ । यही बाटोबाट हार शिक्षा बन्छ, शिक्षा रूपान्तरण बन्छ, रूपान्तरण पुनर्जागरणको विषय बन्छ ।

## ५ रूपान्तरण, हस्तान्तरण र पुस्तान्तरण: समयसँगै सम्बोधन हुने विषय हो

आज पार्टीभित्र र बाहिर तीन शब्द धेरै सुनिएका छन्- रूपान्तरण, हस्तान्तरण र पुस्तान्तरण । यी शब्दहरू केवल राजनीतिक नारा होइनन् । सही अर्थमा बुझ्ने हो भने यी एमालेको पुनर्जागरणका आधार बन्न सक्छन् । गलत अर्थमा प्रयोग गर्ने हो भने यी नै शब्दहरूले पार्टीको मेरूदण्ड कमजोर बनाउन सक्छन् । त्यसैले आज हामीले सबैभन्दा पहिले यी शब्दहरूको अर्थ स्पष्ट गर्नुपर्छ ।

रूपान्तरण आवश्यक छ, भइ पनि रहन्छ । यसमा कुनै विवाद छैन । समय बदलिएको छ । समाज बदलिएको छ । युवाको मन बदलिएको छ । सूचना प्रवाहको गति बदलिएको छ । जनताको अपेक्षा बदलिएको छ । शासनको मापदण्ड बदलिएको छ । नागरिक अब अवसर चाहन्छन् । उनीहरू राज्य र पार्टी दुवैलाई आफ्नो जीवनसँग जोडिएको देख्न चाहन्छन् । त्यसैले एमाले पनि बदलिँदै जानुपर्छ ।

तर रूपान्तरण भनेको इतिहास मेट्ने अभियान होइन । रूपान्तरण भनेको पार्टीको सङ्घर्ष, विचार, बलिदान र सङ्गठनात्मक परम्परालाई अपमान गर्ने नाम होइन । कुनै वृक्षमा नयाँ पालुवा ल्याउनुपर्‍यो भने जरा काटिँदैन, मलजल गरिन्छ । एमालेको इतिहास जरा हो । रूपान्तरण नयाँ पालुवा हो । जरा र पालुवाबीचको सम्बन्ध छुट्याइयो भने वृक्ष सुक्छ । जरा र पालुवा जोडियो भने वृक्ष फेरि हरियो हुन्छ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

रूपान्तरणको सही अर्थ शैली बदल्नु हो । जनतासँग बोल्ने भाषा बदल्नु हो । निर्णय प्रक्रिया छरितो बनाउनु हो । सङ्गठनलाई कागजमा होइन, मैदानमा सक्रिय बनाउनु हो । कमिटीलाई बैठकको औपचारिकता होइन, जनताको समस्याको समाधान-केन्द्र बनाउनु हो । नेतृत्व मण्डलीलाई आदेश दिने तहबाट सुन्ने, बुझ्ने र परिणाम निकाल्ने तहमा बदल्नु हो । पार्टीलाई निर्वाचनको बेला मात्र जनताको घरमा पुग्ने होइन, वर्षभरि जनताको जीवनसँग जोडिने बनाउनु हो । रूपान्तरण भनेको रूपमा अन्तर ल्याउनु हो । अवस्थामा परिवर्तन ल्याउनु हो । रूपान्तरणको अर्थ डिजिटल युगमा सत्यलाई प्रभावकारी बनाउनु पनि हो ।

हाम्रो विचार सही छ भनेर मात्र पुग्दैन । सही कुरा सही समयमा, सही भाषामा, सही माध्यमबाट जनतासम्म पुग्नुपर्छ । पार्टीसँग तथ्य हुनुपर्छ तर तथ्यसँग गति पनि हुनुपर्छ । पार्टीसँग विचार हुनुपर्छ तर विचारसँग नयाँ पुस्ताले बुझ्ने भाषा पनि हुनुपर्छ । पार्टीसँग इतिहास हुनुपर्छ तर इतिहाससँगै भविष्यको खाका पनि हुनुपर्छ ।

रूपान्तरणको अर्थ महिलालाई नेतृत्व र नीति निर्माणमा अगाडि ल्याउनु हो । युवालाई प्रतीक बनाएर मञ्चमा राख्नुमात्र होइन, काम, जिम्मेवारी र निर्णयमा सहभागी गराउनु हो । दलित, आदिवासी, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, श्रमिक, किसान, प्रवासी नेपाली, उद्यमी, विद्यार्थी, शिक्षक– सबैको जीवनसँग पार्टीको नीति जोड्नु हो । रूपान्तरणको अर्थ पार्टीभित्रको अनुशासनलाई डरको विषय होइन, विश्वासको विषय बनाउनु हो । अनुशासन भनेको मौनता होइन । मर्यादित अभिव्यक्ति र क्रियाकलाप हो । अनुशासन भनेको असहमति पनि पार्टीको उद्देश्यभित्र, पार्टीको मर्यादाभित्र र पार्टीको भविष्यप्रति जिम्मेवार भएर राख्नु हो ।

हस्तान्तरणको सन्दर्भमा, नेतृत्व हस्तान्तरण हुन्छ । तर त्यो विधिसम्मत हुनुपर्छ । नेतृत्व कुनै व्यक्तिको निजी सम्पत्ति होइन । पार्टी कसैको व्यक्तिगत कुरा होइन । एमाले विचारको धारा हो, जनताको भरोसा हो, कार्यकर्ताको पसिना हो, सहिदको सपना हो, सङ्घर्षको निरन्तरता हो । त्यसैले कुनै पनि नेतृत्व स्थायी हुँदैन । मैले पनि आफूलाई स्थायी ठानेको छैन । म बाटो रोक्दिनँ । म बाटो सुरक्षित बनाउन आएको हुँ । कसैले चाहेर पनि सधैँका लागि हुने सक्दैन ।

तर हस्तान्तरणको पनि विधि हुन्छ, समय हुन्छ, तयारी हुन्छ, परिपक्वता हुन्छ । खेतमा बीउ रोपेपछि अर्को दिन बाली काट्न खोजियो भने खेत पनि बिग्रन्छ, बीउ पनि बिग्रन्छ । नेतृत्व पनि त्यस्तै हो । नेतृत्व घोषणा गरेर तयार हुँदैन । नेतृत्व सङ्घर्षबाट तयार हुन्छ । जिम्मेवारीबाट तयार हुन्छ । जनताको बीचबाट तयार हुन्छ । सङ्कटमा निर्णय गरेर तयार हुन्छ । आलोचना सहेर तयार हुन्छ । सङ्गठन चलाएर तयार हुन्छ । पराजयबाट सिकेर तयार हुन्छ । विजयी हुँदा संयम राखेर तयार हुन्छ ।

हस्तान्तरण भनेको हतारमा पार्टीको साँचो कसैलाई थमाउनु होइन । त्यो हस्तान्तरण होइन, अस्थिरता हो । हस्तान्तरण भनेको आजको नेतृत्वले भोलिको नेतृत्वलाई तयार गर्ने प्रक्रिया हो । काम बाँड्ने प्रक्रिया हो । जिम्मेवारी दिनु हो । परीक्षण गर्नु हो । जनतासँग जोड्नु हो । सङ्गठनको विश्वास निर्माण गर्नु हो । पार्टीको नीति, विचार र अनुशासनसँग नयाँ नेतृत्वलाई परिपक्व बनाउनु हो । नेतृत्व



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

हस्तान्तरण प्रक्रियाबाट आयो भने पार्टी बलियो हुन्छ । दबाब, हल्ला, अपमान र अधैर्यबाट आयो भने पार्टी विभाजित हुन्छ ।

त्यस्तै, पुस्तान्तरण अनिवार्य छ । कुनै पनि पार्टी एउटै पुस्ताको बलमा सधैँ अघि बढ्न सक्दैन । पुरानो पुस्ताले पार्टीलाई जन्मायो, बढायो, जेल, आन्दोलन, सङ्गठन, विचार र बलिदानबाट यहाँसम्म ल्यायो । नयाँ पुस्ताले पार्टीलाई नयाँ युगमा लैजानुपर्छ । प्रविधि बुझ्ने, विश्व बुझ्ने, डिजिटल समाज बुझ्ने, उद्यम बुझ्ने, युवाको मन बुझ्ने, बदलिँदो अर्थतन्त्र बुझ्ने नयाँ पुस्ता पार्टीको भविष्य हो । एमालेमा नयाँ पुस्ता पाहुना होइन । नयाँ पुस्ता एमालेको उत्तराधिकारी हो ।

तर बुझ्नैपर्ने प्रश्न के छ भने- यथास्थितिवादी पार्टीहरू र परिवर्तनकारी पार्टीहरूमा नेतृत्वको प्रश्न एउटै र उस्तै हुँदै होइन । किनकि उनीहरूले सचेतनतापूर्वक सङ्घर्षको नेतृत्व गर्नु पर्दैन । तर एउटा क्रान्तिकारी पार्टीको नेतृत्वको प्रश्न सांगठानिक मात्र होइन, वैचारिक मुख्य हो । यसले वैचारिक रूपमा हरदम सतर्कताका साथ अग्रगामी सङ्घर्षको नेतृत्व गर्नुपर्दछ । अर्कोतिर प्रतिक्रियावादीहरू जनतामा झूठ छर्छन्, भ्रम फैलाउँछन् र संगठनको बलमा भन्दा मिथ्याको बलमा राजनीति गर्छन्, चुनाव जित्छन् । यसका लागि सङ्गठन त्यति बढी महत्वको कुरा हुँदैन । तर कम्युनिष्ट पार्टीले सत्यमा जनतालाई शिक्षित र सचेत पारेर त्यसको बलमा संगठन गरेर संगठनको बलमा जनता साथ लिएर क्रान्तिको काम अघि बढाउनु पर्दछ ।

अर्को कुरा, बनिबनाऊ राज्य संयन्त्र सदैव यथास्थितिको पक्षमा र परिवर्तनको विपक्षमा हुन्छ । यथास्थितिवादीहरूलाई राज्य संयन्त्र संचालनको सुविधा हुन्छ तर परिवर्तनकारी शक्तिले राज्य संयन्त्रको असहयोगको बीचमा सावधानीपूर्वक सञ्चालन गर्नुपर्दछ । यसका निम्ति सङ्घर्षको इतिहासबाट स्थापित व्यक्तित्व, क्षमताको प्रचुरता, विश्वसनीयता आदिको आवश्यकता पर्दछ । यो उपलब्धता र तुलनात्मकता भित्रको छनोटको प्रश्न हो । यसको पनि आवधिक विधि हुन्छ ।

यी प्रश्नहरू नबुझी वा बुर्जुवा, दक्षिणपन्थी वा हावादारी पपुलिष्ट 'निर्दलवादीहरू'को प्रतिस्पर्धामा नेतृत्वको प्रश्नलाई घोलमेल गर्ने हो भने क्रान्तिकारी पार्टी रहँदैन । क्याडर पार्टी होइन, यथास्थितिवादी मास पार्टीमात्र रहनेछ ।

तर पुस्तान्तरण पुस्ताबीच युद्ध होइन । पुस्तान्तरण भनेको 'बा हटाऊ, छोरा ल्याऊ' भन्ने भावनात्मक नारा होइन । पुस्तान्तरण भनेको अनुभव र ऊर्जा जोड्ने प्रक्रिया हो । पुरानो पुस्तासँग सङ्घर्षका चोटहरू छन्, खतहरू छन्, र तिनको स्मृति छ । नयाँ पुस्तासँग समयको गति छ । पुरानो पुस्तासँग विचारको गहिराइ छ । नयाँ पुस्तासँग भाषाको ताजापन छ । पुरानो पुस्तासँग सङ्गठनको धैर्य छ । नयाँ पुस्तासँग प्रविधिको साहस छ । यसको अर्थ नयाँ पुस्ताका सबैमा प्रविधिको विज्ञताको छ्यालब्याल छ र पुरानो पुस्ता विचरा र अनविज्ञ छ भन्ने पनि होइन ।

प्रतिक्रियावादी शक्तिहरू 'फुटाउ र राज गर'को नीतिमा हुन्छन् र आमरूपमा त्यसमा तिनीहरू सफल पनि हुँदै आएका छन् । हाम्रै देशमा पनि तिनले विगत केही वर्षकै अनुभव हेर्‍यौं भने पनि हामी नेपालीहरूलाई जातिका नाममा फुटाउन खोजे, भाषाका नाममा फुटाउन खोजे, धर्मका नाममा फुटाउन खोजे, भूगोलका नाममा फुटाउन खोजे अर्थात् यस्ता विविधताका चरहरू जहाँजहाँ भेटे त्यहाँ फेसा



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

ठोक्दै गए । ती सबै कुराहरू पछि अब पुस्तान्तरणको प्राकृतिक यथार्थ र स्वाभाविक अनिवार्यतालाई विषय बनाएर फेसा ठोक्न खोजे । केही समयका लागि नै सही तर यसले बजार भने पायो । हामीले यसलाई यथार्थ धरातलमा फर्काउनु पर्छ, उनीहरूले लान खोजेको अनुचित र अस्वाभाविक दिशातिर जान दिनु हुँदैन । यी दुईलाई भिडाइयो भने पार्टी भाँचिन्छ । यी दुईलाई जोडियो भने पार्टी उभिन्छ र गति लिन्छ ।

पार्टीले अब पुस्तान्तरणलाई घोषणामा होइन, प्रणालीमा बदल्नुपर्छ । प्रत्येक तहमा नेतृत्व विकासको योजना चाहिन्छ । युवा नेतृत्व केवल कोटाबाट होइन, जिम्मेवारीबाट विकास हुनुपर्छ । प्रशिक्षण चाहिन्छ । वैचारिक शिक्षण चाहिन्छ । जनसम्पर्क चाहिन्छ । स्थानीय समस्या समाधानको अभ्यास चाहिन्छ । डिजिटल सञ्चारको दक्षता चाहिन्छ । नीति निर्माणमा सहभागिता चाहिन्छ । सङ्गठन चलाउने अवसर चाहिन्छ । चुनावी मैदानमा परीक्षण चाहिन्छ । परिणाम मापन चाहिन्छ ।

महिला नेतृत्वको प्रश्न पनि यहीसँग जोडिएको छ । आधा समाजलाई प्रतिकात्मक प्रतिनिधित्व दिएर पार्टी आधुनिक बन्दैन । महिलालाई निर्णायक भूमिकामा ल्याउनुपर्छ । स्थानीय तहदेखि केन्द्रीय नेतृत्वसम्म योजना बनाएर अगाडि बढाउनुपर्छ । युवा र महिला नेतृत्वलाई केवल ताली पाउने मञ्चमा होइन, कठीन जिम्मेवारीमा राख्नुपर्छ । नेतृत्व सुविधा पाएर होइन, जिम्मेवारी बोकेर निर्माण हुन्छ ।

हाम्रो दृष्टिकोण स्पष्ट छ । रूपान्तरण हुन्छ, तर एमालेको विचार र इतिहासलाई कमजोर बनाएर होइन । हस्तान्तरण हुन्छ, तर पार्टीलाई अनिश्चिततामा धकेलेर होइन । पुस्तान्तरण हुन्छ, तर पुस्ताबीच अविश्वास रोपेर होइन । यी तीनै कुरा सम्मान, विधि, तयारी, प्रशिक्षण, जिम्मेवारी र सङ्गठनात्मक अनुशासनका आधारमा हुनुपर्छ । यही नै परिपक्व पार्टीको बाटो हो । पार्टीको दृष्टिकोण पनि यही हुनुपर्छ । यही मान्यताका आधारमा हामीले तीन पुस्ताबीचको संयोजनका रूपमा पार्टीलाई अघि बढाउने कोशिस गर्दै आएका छौ ।

### ६ पार्टीका तत्कालिक दुई प्रमुख कार्यभारः पार्टी जागरणको आधार

अब एमालेले केवल आफूलाई बचाउने राजनीति गरेर पुग्दैन । बचाउनु आवश्यक छ, तर बचाउनु मात्रै हाम्रो राजनीति होइन । हामीमाथि आरोप लागे, हामी जवाफ दिन्छौँ । लोकतान्त्रिक संस्थामाथि प्रहार भयो, हामी प्रतिवाद गर्छौं। सरकारको गलत कदम देखियो, हामी प्रश्न गर्छौं। तर एमालेको कार्यभार यत्तिमै सीमित हुन सक्दैन । प्रतिपक्षमा रहेर हामी केवल विरोधमात्र गर्दैनौँ । सच्चिन, पार्टी पुनर्निर्माण गर्न, नयाँ भरोसा कमाउन र राष्ट्रलाई फेरि स्थिर लोकतान्त्रिक दिशामा लैजानका लागि विद्यमान अवस्थालाई अवसरका रूपमा लिन्छौँ । समाज रूपान्तरणको कार्यभारका रूपमा लिन्छौ ।

पराजयपछि दुई बाटा हुन्छन् । एउटा बाटो आत्महदया हो– हामीमाथि अन्याय भयो, हाम्रो कुरा सुनिएन, वातावरण असमान थियो भनेर बस्ने । अर्को बाटो आत्मजागरण हो– के भयो, किन भयो, कहाँ चुक्यौँ, कसरी उठ्ने, जनतासँग कसरी फर्कने, भविष्य कसरी बनाउने भनेर काममा लाग्ने । एमालेले दोस्रो बाटो रोज्नुपर्छ । इतिहासमा टिक्ने पार्टी त्यो होइन, जसले कहिल्यै हार्दैन । इतिहासमा टिक्ने पार्टी त्यो हो, जसले हारबाट शिक्षा लिन्छ र अघि बढ्ने बाटो पहिल्याउँछ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

# नेपाल कम्युनिष्ट पार्टी (एमाले)
# Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office


कुनै पनि जीवित प्रणालीमा बाहिरी आघातपछि त्यसले दुई तरिकाले प्रतिक्रिया गर्छ । कि त्यो प्रणाली भत्किन्छ, कि आफूलाई पुनः संयोजन गरेर अझ सक्षम हुन्छ । जीवित शरीरमा प्रतिरक्षा प्रणाली हुन्छ । सङ्कट आएपछि शरीरले नयाँ प्रतिरोध शक्ति बनाउँछ । पार्टी पनि जीवित प्रणाली हो । हाम्रो प्रतिरक्षा प्रणाली भनेको विचार, सङ्गठन, कार्यकर्ता, जनसम्पर्क, अनुशासन, तथ्य, नैतिकता र जनताको विश्वास हो । अहिलेको अवस्थामा पार्टीको पुनर्जागरणका आधारका रूपमा पार्टी दुई कार्यभार पुरा गर्ने उद्देश्यका साथ अघि बढ्नु पर्दछ ।

पहिलो- संविधान र लोकतान्त्रिक प्रणालीको रक्षा हो । संसद्, न्यायपालिका, संवैधानिक निकाय, प्रेस, विद्यार्थी सङ्गठन, ट्रेड युनियन, नागरिक स्वतन्त्रता र सङ्घीय संरचना– यी सबै लोकतन्त्रका अङ्ग हुन् । नेकपा (एमाले) यी संस्थाहरूको अग्रपङ्क्तिको रक्षक बन्नुपर्छ । लोकतन्त्र हरेक दिन नागरिकले प्रश्न गर्न पाउने अधिकार हो । हरेक दिन संसद्ले सरकारलाई जवाफदेही बनाउने अभ्यास हो । हरेक दिन अदालतले नागरिकको अधिकार बचाउने क्षमता हो । हरेक दिन सङ्गठनहरूले श्रमिक, विद्यार्थी र नागरिकको आवाज उठाउने स्वतन्त्रता हो । लोकतन्त्र जनअपेक्षाहरूको परिपूर्ति र आपूर्तिको प्रणाली हो ।

२०८२ भदौ २३ र २४ गतेको हाम्रो राष्ट्रिय स्वाधीनताविरूद्ध रचिएका अराजनीतिक र अपराधिक वितण्डा त्यसपछि असंवैधानिक र संविधानविपरीत प्रधानमन्त्रीको नियुक्ति, अवैध सिफारिसमा असंवैधानिक ढङ्गले भएको प्रतिनिधिसभाको विघटन, त्यसपछिका त्यसै उद्देश्यको निरन्तरताका घट्नाहरू र त्यस उद्देश्यलाई अघि बढाउन र ती तमाम प्रक्रियाहरूलाई वैधता दिन रचना गरिएको आमनिर्वाचन यथार्थमा प्रतिगमनका सिलसिलाहरू हुन् । प्रतिनिधिसभाको असंवैधानिक विघटनविरूद्ध र विघटित प्रतिनिधिसभाको पुनःस्थापनाको माग गर्दै हामीले सर्वोच्च अदालतमा दिएको मुद्दा अहिले पनि विचाराधीन अवस्थामा नै छ । लोकतन्त्र र संविधानले हार्नु हुँदैन । लोकतन्त्रको वापसीका लागि हामीले आफूलाई निर्णायक आन्दोलनका लागि तयारी अवस्थामा राख्नु पर्दछ । यसका लागि पार्टीमा सुदृढ आन्तरिक एकता चाहिन्छ । न्याय सजिलोसँग पाइँदैन भने जनबलमा न्याय स्थापना गरिनु पर्दछ । यसका निम्ति हामीले पहिलो त आफूलाई तयार पार्नुपर्दछ । दोस्रोमा यस महान् र पवित्र राष्ट्रिय उद्देश्यमा मिल्ने/मिल्न सकिने सबै शक्ति समूह र व्यक्तिहरूसँग सहकार्य गर्दै आन्दोलनमा अघि बढ्नुपर्दछ । हाम्रो काँधमा रहेको आजका पहिलो र सबभन्दा महत्वपूर्ण कार्यभार यही हो ।

दोस्रो- आगामी दिनमा हुने स्थानीय र प्रदेशसभाको निर्वाचनको तयारी हो । स्थानीय तहको निर्वाचन सामुन्नेमा छ । गएको निर्वाचनमा हामीले नराम्ररी पराजय भोग्यौं । आगामी दिनमा पनि हाम्रा अगाडि ठूलाठूला बाधा र चुनौती आउने छन् । तिनको सामना गर्न हामीले अहिलेदेखि तयारी गर्नुपर्नेछ । हामीलाई पराजित गर्ने षड्यन्त्र जारी छ । तर अबको निर्वाचनमा हामीले जसरी पनि सफलता प्राप्त गर्नेगरी तयारीको काममा जुट्नु पर्नेछ । त्यसका लागि सिंगो पार्टी निर्वाचनका लागि योजनाबद्धरूपमा तयारीमा लाग्नु जरूरी छ । यस कामको तयारीका लागि हामीले अन्तरपार्टी निर्देशन-२ मार्फत् मिसन पार्टी जागरण आरम्भ गरिसकेका छौं । केन्द्रीय कमिटीको तेस्रो बैठकको निर्णय र दिशानिर्देशअनुरूप त्यसलाई अझै प्रभाबकारी बनाउनु आवश्यक छ ।

**७ पन्ध्र प्रमुख काम: पार्टी सुदृढीकरणको आधार**




तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

- पहिलो- सत्यलाई जनतासम्म पुऱ्याउनु हो । सत्य आफैं हिँडेर जनताको घर पुग्दैन । सत्यलाई बोकेर जानुपर्छ । भदौका घटनाको सत्य, लोकतान्त्रिक प्रक्रियामा परेको चोटको सत्य, चुनावी वातावरणको सत्य, पार्टीमाथि लगाइएका आरोपहरूको तथ्य, हाम्रो आफ्नै कमजोरीको स्वीकारोक्ति, र आगामी सुधारको सङ्कल्प- यी सबै कुरा स्पष्ट भाषामा जनतासम्म पुऱ्याउनुपर्छ । प्रत्येक जिल्लामा 'सत्य संवाद' अभियान चल्नुपर्छ । प्रत्येक पालिकामा जनसुनुवाइ हुनुपर्छ । प्रत्येक वडामा घरदैलो र खुला छलफल हुनुपर्छ । प्रत्येक जनवर्गीय सङ्गठनले आफ्नो क्षेत्रका मुद्दामा तथ्य र समाधानसहित जनतासँग बस्नुपर्छ । हाम्रो सत्य भाषणमा होइन, प्रत्यक्ष संवादमा पुग्नुपर्छ ।
- दोस्रो- राष्ट्रका समस्या र जनजीविका केन्द्रित प्रतिपक्ष बन्ने हो । प्रतिपक्ष केवल संसद्मा बोल्ने संस्था होइन । प्रतिपक्ष जनताको असन्तोषलाई नीति, प्रश्न र सङ्घर्षमा बदल्ने राजनीतिक शक्ति हो । महँगी, बेरोजगारी, किसानको मूल्य, मजदुरको श्रम, साना उद्यमीको कर, विद्यार्थीको भविष्य, शिक्षकको कक्षा, स्वास्थ्य खर्च, महिला सुरक्षा, सुकुम्बासीको आवास, सीमावर्ती नागरिकको सम्मान, प्रवासी नेपालीको पीडा, यी सबै एमालेको दैनिक राजनीति बन्नुपर्छ । हामी संसद्मा प्रश्न गर्छौं, सडकमा जनतासँग उभिन्छौं, अदालतमा अधिकारको पक्ष लिन्छौं, स्थानीय तहमा समाधान खोज्छौं र समाजमा सेवा गर्छौं । सत्ता बाहिर बसेर पनि जनतासँग रहेको पार्टीले मात्र फेरि सत्ताको नैतिक दावी गर्न सक्छ ।
- तेस्रो - डिजिटल पुनर्निर्माण हो । आज राजनीति मोबाइलको पर्दामा लडिन्छ । झुटलाई हप्तापछि जवाफ दिएर हुँदैन । झुट एक घण्टामा फैलिन्छ भने सत्य आधा घण्टाभित्र पुग्नुपर्छ । एमालेले केन्द्रीय तथ्य-संवाद-प्रतिवाद संयन्त्र बनाउनुपर्छ । प्रत्येक आरोपको तथ्यपत्र तयार हुनुपर्छ । कुन आरोपमा के तथ्य छ, कुन निर्णय कहिले भयो, कुन निकाय जिम्मेवार छ, अदालतले के भन्यो, सरकारको आधिकारिक कागज के हो– यी सबै सरल भाषामा, छोटा भिडियोमा, चित्रमा, प्रश्नोत्तरमा, स्थानीय भाषामा, युवा प्रस्तुतकर्तामार्फत जनतासम्म पुग्नुपर्छ । सत्य ढिमा भयो भने झुटले शासन गर्छ । हाम्रो कार्यभार सत्यलाई गति दिनु हो ।
- चौथो- सङ्गठनलाई नतिजामुखी बनाउनु हो । पार्टीको शक्ति सदस्य सङ्ख्या मात्र होइन । सदस्य सक्रिय छन् कि छैनन्, जनतासँग जोडिएका छन् कि छैनन्, समस्या समाधानमा छन् कि छैनन्, यही मुख्य कुरा हो । प्रत्येक कमिटीले मासिक कामको मापन दिनुपर्छ । कति घरमा पुगे ? कति जनसुनुवाइ गरे ? कति स्थानीय समस्या उठाए ? कति युवा जोडे ? कति महिला नेतृत्वमा आए ? कति किसान, मजदुर, विद्यार्थी, उद्यमी र पेसागत समूहसँग बैठक गरे ? कति डिजिटल सामग्री पुऱ्याए ? कति आरोपको तथ्यगत प्रतिवाद गरे ? काम नगर्ने संरचना नाम मात्रको संरचना हो । एमाले अब नतिजा नाप्ने सङ्गठन बन्नुपर्छ ।
- पाँचौं- युवा नेतृत्वको वास्तविक निर्माण हो । युवा केवल नारा लगाउने शक्ति होइनन् । युवा नीति बनाउने शक्ति हुन् । उनीहरूलाई मञ्च सजाउने होइन, निर्णयमा ल्याउने हो । युवालाई पालिका, जिल्ला, प्रदेश र केन्द्रीय कार्यमा वास्तविक जिम्मेवारी दिनुपर्छ । प्रविधि, उद्यम, शिक्षा, रोजगार, जलवायु, सहरी शासन, डिजिटल अर्थतन्त्र, संस्कृति र नागरिक स्वतन्त्रताका विषयमा युवा नीति समूह गठन गर्नुपर्छ । युवा नेतृत्वलाई प्रशिक्षण, जिम्मेवारी, मैदान र मूल्याङ्कन दिनुपर्छ । पुस्तान्तरण भावनाबाट होइन, क्षमताको निर्माणबाट हुन्छ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

- छैटौँ - महिला नेतृत्व र सामाजिक प्रतिनिधित्वलाई निर्णायक बनाउनु हो । आधा समाजलाई आधा जिम्मेवारी नदिई कुनै पार्टी आधुनिक हुन सक्दैन । महिलालाई केवल कार्यक्रममा सम्मानित अतिथि होइन- नीति, सङ्गठन, चुनाव, वित्त, सञ्चार र सङ्घर्षको नेतृत्वमा ल्याउनुपर्छ । दलित, आदिवासी, मधेसी, थारू, मुस्लिम, अपाङ्गता भएका नागरिक, पिछडिएको क्षेत्र, प्रवासी श्रमिक, सहरी गरीब- सबैको आवाज पार्टी संरचनामा बलियो हुनुपर्छ । सामाजिक न्याय नारा होइन, सङ्गठनात्मक संरचना हुनुपर्छ । शोभाका लागि सहभागिता होइन, सफलताका लागि क्षमता वृद्धि हुनुपर्छ ।
- सातौँ - आन्तरिक अनुशासन र खुला संवादको सन्तुलन हो । असहमति पार्टीको शक्ति हो, पार्टीभित्र नियमित खुला बहस हुनुपर्छ । आलोचना सुन्ने व्यवस्था हुनुपर्छ । निर्णय प्रक्रियामा पारदर्शिता हुनुपर्छ । तर सार्वजनिक रूपमा पार्टीको मूल रेखा तोड्ने, अपुष्ट आरोप फैलाउने, विपक्षीको न्यारेटिभ बलियो बनाउने र सङ्गठनको मनोबल गिराउने गतिविधि अनुशासनको विषय हुनुपर्छ । लोकतान्त्रिक पार्टीमा खुलापन र अनुशासन दुवै चाहिन्छ । खुलापनबिना पार्टी जड हुन्छ । अनुशासनबिना पार्टी विखण्डित हुन्छ ।
- आठौं- वैकल्पिक शासन-खाका तयार गर्नु हो । सरकारको आलोचना गरेर मात्र एमालेले फेरि जनताको विश्वास जित्न सक्दैन । जनताले सोध्नेछन् तपाईंहरूको एजेन्डा के हो ? रोजगारी कसरी सिर्जना गर्ने ? वैदेशिक रोजगारीनिर्भरता कसरी घटाउने ? शिक्षा कसरी रोजगारसँग जोड्ने ? कृषि कसरी बजार, प्रविधि र उद्योगसँग जोड्ने ? स्वास्थ्य उपचारमा हुने खर्च कसरी घटाउने ? सहरी गरिबी कसरी सम्बोधन गर्ने ? सुकुम्बासी समस्या कसरी समाधान गर्ने ? सीमा क्षेत्रको जीवन र राजस्व दुवै कसरी सुरक्षित गर्ने ? भ्रष्टाचार नियन्त्रणमा प्रविधि, खुला डाटा र पारदर्शिता कसरी प्रयोग गर्ने ? यी प्रश्नमा एमालेले ठोस कार्यक्रम पहिलेदेखि नै दिंदै आएको छ अब अझ बढी अद्यावधिक ढंगले दिनुपर्छ । शिक्षा, स्वास्थ्य, उद्योग, व्यापार, वातावरण आदि क्षेत्रका विषयमा नीति निर्माणमा विभागहरूको भूमिका प्रभावकारी बनाउँदै जानुपर्छ । प्रतिपक्षको अर्थ वैकल्पिक सरकारको तयारी हो ।
- नवौं- जनसेवामूलक पार्टी निर्माण हो । सत्ता नहुँदा पनि पार्टीले समाजको सेवा गर्न सक्छ । बाढी, पहिरो, महामारी, शिक्षा सहयोग, स्वास्थ्य शिविर, कानुनी सहयोग, रोजगारी परामर्श, कृषि सहजीकरण, साना उद्यमी सहायता, विद्यार्थी मार्गदर्शन, प्रवासी परिवार सहायता- यी क्षेत्रमा पार्टीका संरचनाहरू सक्रिय हुनुपर्छ । नागरिकले पार्टीलाई झण्डाबाट होइन, सङ्कटमा पुगेको सहयोगबाट सम्झन्छन् ।
- दशौँ- ज्ञानमा आधारित पार्टी बनाउने हो । आजको राजनीति केवल नाराले चल्दैन । तथ्य, अनुसन्धान, डाटा, नीति विश्लेषण, सामाजिक मनोविज्ञान, अर्थशास्त्र, प्रविधि र जनमत अध्ययन आवश्यक छ । प्रत्येक प्रदेशमा नीति अध्ययन/अनुसन्धान समूह हुनुपर्छ । प्रत्येक प्रमुख मुद्दामा तथ्यपत्र हुनुपर्छ । बजेट, शिक्षा, स्वास्थ्य, रोजगार, कृषि, उद्योग, विदेश नीति, सङ्घीयता, डिजिटल शासन, न्याय सुधार- यी विषयमा एमालेको आधिकारिक अध्ययन र वैकल्पिक प्रस्ताव हुनुपर्छ । दर्शनले दिशा दिन्छ, विज्ञानले पद्धति दिन्छ, सङ्गठनले कार्यान्वयन दिन्छ । ज्ञानले बाटो दिन्छ । यी तीनको सङ्गमबाट मात्र आधुनिक पार्टी बन्छ ।
- एघारौँ- नैतिक पुनर्निर्माण हो । जनताले दलहरूलाई केवल कार्यक्रमको आधारमा होइन, मूलतः चरित्रको आधारमा हेर्छन् । भ्रष्टाचार आरोप उठ्दा पार्टीले बचाउ मात्र होइन, पारदर्शी छानविनको



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

मार्ग देखाउनुपर्छ । स्थानीय तहदेखि केन्द्रसम्म आचारसंहिता लागू हुनुपर्छ । पद प्राप्तिलाई सेवाभन्दा माथि राख्ने प्रवृत्ति हटाउनुपर्छ । सार्वजनिक जीवनमा सादगी, जवाफदेहीता, पारदर्शिता र जनताप्रतिको विनम्रता स्थापित गर्नुपर्छ । नैतिक शक्तिबिना राजनीतिक शक्ति टिक्दैन ।

- बाह्रौँ- स्थानीय मुद्दाकेन्द्रित सङ्गठन हो । राष्ट्रिय राजनीति महत्वपूर्ण छ तर जनताको जीवन स्थानीय हुन्छ । पानी, सडक, विद्यालय, स्वास्थ्य चौकी, बजार, जग्गा, कर, सुरक्षा, रोजगारी, कृषि, विपद्- यी सबै स्थानीय प्रश्न हुन् । एमालेको प्रत्येक वडा कमिटीले आफ्नो क्षेत्रको समस्या-सूची बनाउनुपर्छ । समाधानका लागि स्थानीय सरकार, प्रदेश, केन्द्र, अदालत, मिडिया र जनदबाब प्रयोग गर्नुपर्छ । जनताको समस्या समाधान गर्ने पार्टीलाई जनताले फेरि खोज्छन् ।
- तेह्रौँ- प्रवासी नेपालीसँग नयाँ सम्बन्ध बनाउनु हो । देशको अर्थतन्त्रमा रेमिट्यान्सको भूमिका महत्वपूर्ण छ । तर प्रवासी नेपालीलाई केवल देशभित्र पैसा पठाउने नागरिकका रूपमा हेर्नु अन्याय हो । उनीहरू ज्ञान, सीप, अनुभव र पुँजीका स्रोत पनि हुन् । एमालेले प्रवासी श्रमिकको अधिकार, सुरक्षित रोजगार, पुनरागमनपछि उद्यम, परिवारको शिक्षा, सामाजिक सुरक्षा र विदेशमा रहेका नेपालीको राजनीतिक संवादलाई प्राथमिकता दिनुपर्छ । बाहिर गएको युवाको देशसँग सम्बन्ध नटुटोस्, त्यो भविष्यमा फर्किने र फर्कनसक्ने शक्ति हो र त्यस्तै बनाइनुपर्छ ।
- चौधौँ- राष्ट्रिय स्वाधीनता र कूटनीतिक सन्तुलनको स्पष्ट नीति हो । हामीले पहिलेदेखि नै स्पष्ट दृष्टिकोण, नीति र व्यवहार अवलम्बन गर्दै आएका छौं र अब पनि छिमेकीहरूसँग सन्तुलित सम्बन्ध, विश्व शक्तिहरूसँग सम्मानपूर्ण सहकार्य, न्यायोचित राष्ट्रिय हितमा आधारित निर्णय, आर्थिक कूटनीति, सीमा संवेदनशीलता, जलस्रोत र व्यापारमा स्पष्ट अडान, जनविभाजन र सामाजिक विद्वेषविरूद्ध राष्ट्रिय एकता- यी सबैमा एमालेको दृष्टि स्पष्ट हुनुपर्छ । सानो देशको शक्ति स्थिर विवेक हो । एमालेले यही दृढ विवेकको प्रतिनिधित्व गर्नुपर्छ ।
- पन्ध्रौँ- वैचारिक पुनर्पाठ हो । जनताको बहुदलीय जनवादलाई केवल ऐतिहासिक दस्तावेजमा सीमित गर्नु हुँदैन । आजको डिजिटल अर्थतन्त्र, कृत्रिम बुद्धिमत्ता (एआई), स्वचालन (अटोमेशन), जलवायु सङ्कट, युवा पलायन, सहरी असमानता, गिग इकोनोमी, शिक्षा बजार, स्वास्थ्य खर्च, लैङ्गिक न्याय, सांस्कृतिक परिवर्तन, यी सबैमा हाम्रो विचारको नयाँ व्याख्या आवश्यक छ । विचार जीवित हुनुपर्छ । हाम्रो पार्टीले लिएका परिपूर्ण लोकतन्त्र, समृद्ध नेपाल सुखी नेपालीको गन्तव्य यही जीवन्तताको प्रतिफल हो ।

### (ख) अनुशासन पुनर्स्थापनाका लागि कटअफ बैठक

बैठकले अध्यक्ष कमरेडको प्रस्ताव बमोजिम पार्टीमा हुर्किदै गएको स्वेच्छाचारिता, अराजकता र अनुशासनहीनता अन्त्य गरी एकतावद्ध र सुदृढ पार्टी निर्माण गर्न निम्नानुसारको निर्णय गरेको छः

पार्टीको नीति, निर्णय र नेतृत्वको विरूद्ध सार्वजनिक रूपमा आलोचना वा विरोध गर्ने, स्वेच्छाचारी, अराजक वा अनुशासनहीन क्रियाकलाप गर्ने वा गुटबन्दी गर्ने प्रवृतिमा पूर्णरूपमा रोक लगाउने र पार्टीमा अनुशासन पुनर्स्थापित गर्ने । आजसम्म जो-जस्ले जे-जे बोल्नुभयो वा जेसुकै गर्नुभयो, आजसम्मको छोडिदिने । केन्द्रीय कमिटीको चालू बैठकलाई कटअफ बैठक मान्ने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

अब उप्रान्त कसैले पार्टीको नीति, निर्णय र नेतृत्वको विरूद्धमा सार्वजनिक रूपमा आलोचना, विरोध, निन्दा, अपमान गरेमा वा गुटबन्दी गरेमा वा अराजक तथा अनुशासनहीन क्रियाकलाप गरेमा स्पष्टीकरण सोध्ने र कारवाही गर्ने । त्यस्तो क्रियाकलाप गरेको पाइएमा कारवाहीको विषय बनाउने र कारवाही गर्ने अधिकार केन्द्रीय कमिटीले संगठन विभागलाई दिने । पार्टीमा अनुशासनहीनता नियन्त्रण गर्न केन्द्रीय अनुशासन आयोग सक्रिय रहने । केन्द्रीय अनुशासन आयोगलाई यसअनुरूप अघि बढ्न कुनै व्यवधान वा अप्ठ्यारो भएमा केन्द्रीय कमिटीले बाधा अड्काउ फुकाएर भए पनि सहयोग गर्ने ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

**(ग) केन्द्रीय कमिटीमा सदस्यहरूको मनोनयनः**

बैठकमा विधानको धारा- ६९ (क) बमोजिम रिक्त स्थानमा केन्द्रीय कमिटी सदस्य मनोनयन गरेको छ । बैठकले एघारौं राष्ट्रिय महाधिवेशनमा पराजित कमरेडहरू बाहेक इमान्दार, सक्रिय एवम् योग्यतम् व्यक्तिहरू मध्येबाट मनोनित गर्ने मापदण्ड तय गऱ्यो । तदनुरूप देहायबमोजिमका कमरेडहरूलाई केन्द्रीय कमिटी सदस्यमा मनोनित गर्ने निर्णय गरियोः

- काशीनाथ अधिकारी, चितवन
- देवराज घिमिरे, झापा
- हरि रिजाल, प्यूठान
- पासाङ शेर्पा, ताप्लेजुङ
- नरेन्द्र भट्टराई, इलाम
- नन्दराम देवकोटा, रूकुम पश्चिम
- धर्म गिरी, प्यूठान
- नारायण घर्ती, जाजरकोट
- विद्यासुन्दर शाक्य, काठमाडौं
- शान्तिलाल महत, जुम्ला
- पोल्देन छोप्देन गुरूङ, मनाङ
- प्रेम दङ्गाल, काठमाडौं
- सुरेन्द्र उदास, भोजपुर
- विनोद पाण्डे, काठमाडौं
- पुष्पराज श्रेष्ठ, सिन्धुली
- विमला घिमिरे, कपिलवस्तु
- शिवमाया तुम्बाहाम्फे, मोरङ
- कौशिला खत्री, जाजरकोट
- जानुका सिम्खडा, धादिङ
- बिना बास्तोला, भक्तपुर ।

त्यसैगरी विधानको धारा- ६९ (घ) बमोजिम विभिन्न राजनीतिक पार्टीमा महत्वपूर्ण जिम्मेवारी निर्वाह गरी नेकपा (एमाले)मा प्रवेश गर्नुभएका र आगामी दिनमा पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिअनुरूप महत्वपूर्ण योगदान गर्नसक्ने देहायबमोजिमका कमरेडहरूलाई केन्द्रीय कमिटी सदस्यमा मनोनित गर्ने निर्णय गरियोः

- इस्तियाक राई, बाँके



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

- प्रदीप यादव, पर्सा
- अब्दुस हुसैन अन्सारी, सुनसरी
- डीबी कार्की, स्याङ्जा
- भवानी खापुङ, तेह्रथुम
- दीपक साउँद, अछाम
- जय गोले तामाङ, काठमाडौँ
- धर्मराज निरौला, सुनसरी
- बबी चामलिङ, खोटाङ
- विनोद पहाडी, रूपन्देही
- श्रीप्रसाद शर्मा, बाग्लुङ
- रामप्रित राम, सिराहा
- ध्रुव विष्ट, भक्तपुर

**(घ). स्थायी कमिटी सदस्य निर्वाचन**

बैठकले ज्येष्ठता, योग्यता र इमान्दारिताका आधारमा निम्नानुसारका कमरेडहरूलाई स्थायी कमिटी सदस्यमा निर्वाचित गरेको छः

- ईश्वर पोखरेल, काठमाडौँ
- प्रदीप ज्ञवाली, गुल्मी
- काशीनाथ अधिकारी, चितवन
- देवराज घिमिरे, झापा
- लालबाबु पण्डित, मोरङ
- थममाया थापा, म्याग्दी
- शिवमाया तुम्बाहाम्फे, मोरङ

**(ङ) कमरेड विद्यादेवी भण्डारी बरिष्ठ नेता मनोनित**

बैठकमा विगतमा पार्टीको विभिन्न तह हुँदै केन्द्रीय कमिटीको उपाध्यक्षको जिम्मेवारी उत्कृष्ट ढंगले निर्वाह गर्नुभएकी र प्रतिनिधिसभा सदस्य, संविधानसभा सदस्य, विभिन्न मन्त्रालयको मन्त्री र दुई कार्यकाल राष्ट्रपतिको जिम्मेवारीमा रहेर जनता र राष्ट्रको सम्मान एवम् स्वाभिमान अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएकी कमरेड विद्यादेवी भण्डारीको जिम्मेवारीका सम्बन्धमा गहन छलफल भयो ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

बैठकले राष्ट्रपतिको जिम्मेवारीबाट सेवानिवृत हुनुभएपश्चात् पुनः पार्टी सदस्यता प्राप्त गरी राजनीतिमा सक्रिय रहँदै आउनुभएकी कमरेड विद्यादेवी भण्डारीलाई उपयुक्त जिम्मेवारी प्रदान गर्न केन्द्रीय कमिटीले विधानको धारा- १०५ को बाधा अड्काउ फुकाउने अधिकार र धारा- १३ (क) को दुई महाधिवेशनबीचको अवधिमा राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी भएर पार्टीको सर्वोच्च संस्थाको हैसियतले निर्णय गर्न पाउने अधिकार प्रयोग गरी विधानको धारा- १३ (ख) र विधानको धारा- १८ मा देहायबमोजिम संशोधन गर्ने:

धारा- १३, (ख) राष्ट्रिय महाधिवेशनले अध्यक्ष, बरिष्ठ नेता, उपाध्यक्ष ५, महासचिव, उपमहासचिव ३, सचिव ९ समेत ३०२ सदस्यीय केन्द्रीय कमिटीको निर्वाचन गर्नेछ । प्रदेश कमिटीका अध्यक्ष पदेन सदस्य हुनेछन् ।

विधानको धारा- १८ को (क) पछि निम्नानुसार (ख) थप्ने र क्रम मिलाउने:

**बरिष्ठ नेताको अधिकार र कर्तव्य:**

१. अध्यक्ष पछिको दोस्रो बरीयतामा रहेर केन्द्रीय कमिटी, पोलिटब्यूरो, स्थायी कमिटी र सचिवालयका बैठकमा भाग लिने । अध्यक्षलाई सहयोग गर्ने र पार्टीलाई सही एवम् समयोचित निर्णय गर्न योगदान गर्ने ।
२. बरिष्ठ नेताको हैयितले पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र प्रतिष्ठाको पक्षपोषण गर्ने ।
३. केन्द्रीय कमिटी, पोलिटब्यूरो, स्थायी कमिटी र सचिवालयले तोकेका कार्यहरू गर्ने ।

यस् निर्णयलाई पार्टीको आगामी विधान महाधिवेशनमा अनुमोदनका लागि प्रस्तुत गर्ने ।

विधानको उपरोक्त व्यवस्थाबमोजिम अध्यक्ष पछिको दोस्रो बरीयताको बरिष्ठ नेतामा कमरेड विद्यादेवी भण्डारीलाई मनोनित गर्ने ।

### (च) केन्द्रीय सचिवालयमा अधिकार प्रत्यायोजन

बैठकले यस बैठकका लागि निर्धारित कार्यसूचीहरू मध्ये देहायबमोजिमका विषयहरू उपर आवश्यक छलफल गर्न र उपयुक्त निर्णय गर्न केन्द्रीय सचिवालयलाई अधिकार प्रत्यायोजन गरेको छः

- रिक्त रहेको केन्द्रीय कमिटी सदस्य मनोनयन गर्ने ।
- पोलिटब्यूरो सदस्यको निर्वाचन गर्ने ।
- रिक्त रहेको स्थायी कमिटी सदस्यको निर्वाचन गर्ने ।
- सल्लाहकार परिषद गठन गर्ने ।
- ज्येष्ठ कम्युनिष्ट मञ्च गठन गर्ने ।
- केन्द्रीय विभागहरूमा आवश्यक संख्यामा सदस्य मनोनित गर्ने ।
- कार्यविभाजन ।

### (छ) पार्टी सदस्यता नवीकरणका सम्बन्धमा

२०८३ सालको सदस्यता नवीकरणको काम केन्द्रीय कमिटीको तेस्रो बैठकले विधिवत्‌रूपमा समापन गरेको छ । यस अवधिमा नवीकृत सदस्यहरूको विवरण असोज मसान्तसम्ममा अनिवार्य रूपमा केन्द्रीय संगठन विभागमा अपडेट गराइसक्नु पर्नेछ । विवरण डिजिटल फर्मेटमा अद्यावधिक गर्ने कार्य सम्पन्न भएपछि प्रमाणीकरण गरिनेछ । प्रमाणीकरण भएका पार्टी सदस्यहरूलाई मात्र चुन्ने र चुनिने अधिकार रहने छ ।

पार्टी केन्द्रीय सदस्यहरूको आफ्नो अनलाईन सदस्यता अपडेट गन बाँकी रहेको भए असोज मसान्तभित्र गरिसक्नु पर्नेछ ।

नयाँ सदस्यता प्रदान गर्ने काम निरन्तर जारी राख्न सकिने छ । एक वर्षसम्म निरन्तर पार्टी गतिविधिमा संलग्न तथा पार्टीसम्वद्ध जनसङ्गठनमा एक वर्षदेखि संगठित पार्टी विधानअनुरूप मापदण्ड पुरा भएका व्यक्तिहरूलाई नयाँ सदस्यता प्रदान गर्न सकिने छ । पार्टी प्रवेशको हकमा पार्टी विधानको व्यवस्थाअनुरूप सदस्यता अनिवार्यरूपमा अद्यावधिक गर्नुपर्नेछ ।

**(ज) समसामियक विषयका महत्वपूर्ण प्रस्तावहरू पारित**

बैठकले श्रद्धाञ्जली, समवेदना र स्वास्थलाभको कामनासँग सम्बन्धी ४ प्रस्ताव, उद्धार, राहत र पुनर्स्थापना तथा पुनर्निर्माणसम्बन्धी ६ प्रस्ताव, राष्ट्रियता, लोकतन्त्र र जनजीविका सम्बन्धी ८ प्रस्ताव तथा प्रवासी नेपाली र विविध विषयका ३ प्रस्ताव एवम् विशेष सङ्कल्प प्रस्ताव समेत गरी २२ वटा समसामयिक प्रस्ताव पारित गरेको छ । विशेष सङ्कल्प प्रस्ताव यसप्रकार छः

केन्द्रीय कमिटीको तेस्रो बैठक पार्टीको आन्तरिक एकतालाई सुदृढ गर्न र पार्टी पुनर्जागरण एवं सुदृढीकरणका ठोस योजना निर्माण गर्ने सम्बन्धमा अत्यन्त महत्वपूर्ण रह्यो । बैठकमा हामीले विगतमा रहेका कमीहरूको गम्भीर समीक्षा गरेका छौं, तिनलाई सच्याउँदै आगामी दिनमा नदोहोऱ्याउने प्रण गरेका छौं र सुधार तथा रूपान्तरणको मार्गचित्र तयार गरेका छौं । बैठकका निर्णयलाई गम्भीरतापूर्वक बोध र निष्ठापूर्वक कार्यान्वयन गर्दै अगाडि बढ्न पार्टीका सबै नेता कार्यकर्तालाई आग्रह गर्दछौं । यसबीचमा देखापरेका कतिपय असमझदारी र अस्वस्थताहरू यस बैठकदेखि अन्त्य भएका छन् र पार्टी भावनात्मकरूपमा थप एकजुट भएको छ । बैठकको यस सन्देशलाई आत्मसात् गर्दै लोकतन्त्रको रक्षा र निर्वाचनको तयारीसम्बन्धी पार्टीले तय गरेका प्रमुख कार्यभारमा केन्द्रित हुन यो बैठक समग्र पार्टीपङ्क्तिलाई आह्वान गर्दछ ।

बैठकबाट पारित प्रस्ताव अनुसूची - १ मा समावेश गरिएको छ ।

**प्रिय कमरेडहरू**

पार्टीले तय गरेका दुई कार्यभार र १५ कामलाई तालमेलयुक्त ढंगले कार्यान्वयनमा लैजानु पर्दछ । यसका लागि पहिलो, सत्य सम्वाद, संगठनात्मक सक्रियता र कार्यकर्ताको मनोबल पुनर्निर्माणमा जोड दिनुपर्दछ । दोस्रो, जनहित अभियान, डिजिटल पुनर्निर्माण र स्थानीय समस्या समाधानमा पार्टीलाई केन्द्रित गर्नु पर्दछ । तेस्रो वैकल्पिक शासनको खाका, नीति अनुसन्धान र वैचारिक प्रशिक्षणलाई



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

संस्थागत गर्नुपर्दछ । आगामी निर्वाचनसम्म निरन्तर जनसम्पर्क, संगठन परिचालन र जनसेवा अभियान संचालन गर्नुपर्दछ । पुनर्जागरण बाहिरबाट आउँदैन । पार्टीभित्र सत्य स्वीकार गर्ने सहासबाट सुरू हुन्छ । जुन कुराका लागि केन्द्रीय कमिटीको बैठकले सुस्पष्ट रूपमा मार्गदर्शन गरेको छ ।

हाम्रो पार्टीको जरा गहिरो छ । इतिहास गौरवपूर्ण छ । कार्यकर्ताको विशालपङ्क्ति छ । तर भविष्यलाई सुनिश्चित बनाउनका इतिहासको गौरवमात्र पर्याप्त हुँदैन । विरूवालाई जीवित राख्न जरालाई पानी चाहिन्छ । इतिहासलाई जिवन्त बनाइराख्न नयाँ भाषा चाहिन्छ । कार्यकर्तालाई गतिशील बनाइराख्न सुस्पष्ट दिशा चाहिन्छ । हामीसँग जनताको बहुदलीय जनवादजस्तो जीवन्त र मौलिक विचार छ । तर त्यसलाई आजको नयाँ पुस्ताको भावनासँग जोड्नु पर्दछ । अब नेकपा (एमाले) आजका समस्या र अन्योलबाट बाहिर निक्लनु पर्दछ । चुनौतीलाई सामना गर्ने उच्च मनोबल र साहस जुटाउनु पर्दछ । पार्टी पुनः पुनर्जागृत हुँदै उठ्नेछ- अतितको गौरवबाट होइन भविष्यको स्पष्ट योजनाबाट । नेतृत्वबाट मात्र होइन सम्पूर्ण पार्टीपङ्क्तिको जागरणबाट । प्रतिवादबाट मात्र होइन जनविश्वासको पुनर्निर्माणबाट । तत्कालका लागि हाम्रो उद्देश्य आगामी निर्वाचनमा विजय हासिल गर्नु हो । । तर हाम्रो गन्तव्य लोकतन्त्रलाई बलियो बनाउँदै संविधानको रक्षा गर्नु हो, जनताको जीवनमा आशा जगाउँदै राष्ट्रिय स्वाधीनतालाई अक्षुण्ण राख्नु र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय गन्तव्य हासिल गर्नु हो ।

**त्यसैले आउनुहोस्**

हामी सबै मिलेर पराजयलाई शिक्षामा बदलौ । शिक्षालाई पार्टी रूपान्तरणमा बदलौ । रूपान्तरणलाई पुनर्जागरणमा बदलौ । पुनर्जागरणबाट नै भविष्यमा पार्टीको सफलताको आधार तयार हुनेछ । त्यसका लागि हामी सबै एकतावद्ध भएर संकल्प गरौ- हामी उठ्ने छौ, हामी जित्ने छौ ।

क्रान्तिकारी अभिवादन सहित,

केपी शर्मा ओली
अध्यक्ष




तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

अनुसूची -१

## बैठकबाट पारित समसामयीक प्रस्तावहरू

### (क) श्रद्धाञ्जली, समवेदना तथा स्वास्थ्यलाभको कामनाः

- केन्द्रीय कमिटीको यो तेस्रो बैठक देश, जनता र आन्दोलनका हितमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने प्रातः स्मरणीय शहीदहरूप्रति उच्च सम्मानसहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ । कमरेड पुष्पलाल, मदन भण्डारी र मनमोहन अधिकारीलगायत हाम्रा मार्गदर्शक र प्रेरणास्रोत अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछ । जस्तासुकै प्रतिकूल अवस्थामा पनि न्यायको सङ्घर्षमा हामीलाई भरोसा प्रदान गर्ने जनसमुदायप्रति आभार व्यक्त गर्दछ । हामी उहाँहरूको सपनालाई सार्थक पार्न निरन्तर कर्तव्यपथमा अगाडि बढिरहने सङ्कल्प गर्दछौं ।

- यस अवधिमा पार्टी केन्द्रीय सदस्य, पोखरा नगरपालिकाका पूर्व मेयर एवं गण्डकी प्रदेशसभाका पूर्व सदस्य कमरेड कृष्ण थापा र पूर्व केन्द्रीय सदस्य कमरेड खगेन्द्र राईको असामयिक निधन भएको छ । पार्टी उहाँहरूको योगदानको सम्मान गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ । हालै निधन हुनुभएका नेपाल बुद्धिजीवी परिषद्का पूर्व अध्यक्ष एवं भारतका लागि नेपालका राजदूत प्रा. हर्षनारायण धौभडेल, पार्टीका केन्द्रीय सल्लाहकार शोभाराम बस्नेत र लक्ष्मीप्रसाद पुन तथा मधेस प्रदेशसभा सदस्य जैनव खातुनप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछ । प्रतिष्ठित भाषा अभियन्ता, राष्ट्रभक्त एवं जनकवि दुर्गालाल श्रेष्ठको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ । शिक्षाविद् एवं काठमाडौं विश्वविद्यालयका संस्थापक उपकुलपति प्रा.डा सुरेशराज शर्माको निधनप्रति शोक व्यक्त गर्दै भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछ ।

- अध्यक्ष कमरेड केपी शर्मा ओलीका श्रद्धेय पिता मोहनप्रसाद ओलीको गतः फागुन २९ गते दुःखद देहावसान भएको छ । पितृशोकमा पर्नुभएका अध्यक्षलगायत यसै अवधिमा केन्द्रीय सचिव कमरेड शेरधन राई, कमरेड हिक्मत कार्की र केन्द्रीय सदस्य दीपक कार्की तथा केन्द्रीय सदस्यहरू कमरेड लालबहादुर थापा, निर्मला पाठक तथा सन्तोष शर्मा थापा मातृशोकमा पर्नुभएको छ । त्यसैगरी केन्द्रीय सदस्यहरू दामोदर भण्डारी, मनकुमारी जिसी, सहवीर बोगटी, कोमल वली नारायण आचार्य र साजिदा खातुन सिदिकी पितृशोकमा पर्नुभएको छ । केन्द्रीय सदस्य निर्मला देवकोटा पतिशोकमा पर्नुभएको छ । पारिवारिक शोकमा पर्नुभएका अध्यक्ष कमरेडसहित सबै कमरेडहरूलाई समवेदना व्यक्त गर्दै दिवंगत बुवा आमाहरूप्रति यो बैठक श्रद्धाञ्जली अर्पण गर्दछ ।

- उपचार र उपचारपछि स्वास्थ्यलाभको प्रक्रियामा रहनुभएका पार्टीका निवर्तमान उपाध्यक्ष कमरेड अष्टलक्ष्मी शाक्य, पार्टीका निवर्तमान बरिष्ठ उपाध्यक्ष कमरेड ईश्वर पोखरेलकी पत्नी एवं संविधानसभा सदस्य कमरेड मीरा ध्वजु तथा झापा आन्दोलनका क्रममा लामो जेलजीवन बिताउनुभएका कमरेड घनेन्द्र बस्नेतको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

**(ख) उद्धार, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण:**

– गतः २०८३ भदौ १० गते (२०२६ अगस्त २६) का दिन भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण सिङ्गो राष्ट्र अझै शोकाकुल छ । बाढीमा परेर १४ सयभन्दा नागरिकको ज्यान गएको छ, ६ हजारभन्दा बढी अझै बेपत्ता हुनुहुन्छ र सयौँ घाइते हुनुभएको छ । बाढीले रसुवाको गोसाइँकुण्ड गाउँपालिका उपाध्यक्ष प्रतिमा लामा तामाङसहित विभिन्न जनप्रतिनिधिहरू, विभिन्न जलविद्युत आयोजनामा कार्यरत इञ्जिनियरहरू सहित सयौं प्राविधिक जनशक्ति, सयभन्दा बढी सुरक्षाकर्मी र राष्ट्रसेवक कर्मचारीहरू एवं सयौं विदेशी पर्यटकहरूको ज्यान लिएको छ । बाढीले भोटेकोशी-त्रिशुली करिडोरमा विकसित एउटा सभ्यता, जीवन्त अर्थतन्त्र, ४ सयभन्दा बढी मेगाबाटको जडित विद्युत क्षमता, कैयौँ निर्माणाधीन आयोजनाहरू र सीमापार व्यापारमा अपूरणीय क्षति पुऱ्याएको छ । नेकपा (एमाले) भोटेकोशी बाढीले निम्त्याएको जनधनको अपूरणीय क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दछ, ज्यान गुमाउनेहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ, वेपत्ताको यथार्थ अवस्था जानकारी गराउन ध्यानाकर्षण गर्दछ र घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ ।

– यस विनाशका पछाडि विकसित देशहरूले गएको २ सय वर्षदेखि गर्दै आएको अन्धाधुन्ध औद्योगीकरण, प्राकृतिक स्रोतको अनियन्त्रित दोहन र वातावरण विनास जिम्मेवार छ । जलवायु परिवर्तनले आज जलवायु सङ्कटको रूप लिँदैछ र त्यसको शिकार आज नेपालजस्ता विकासशील राष्ट्र हुनुपरेको छ । पेरिस सम्झौतामा व्यक्त प्रतिबद्धताविपरीत विश्वव्यापी तापमानले अहिल्यै १.५ डिग्री सेल्सियसको सीमा नाघ्न थालेको र पर्वतीय एवं टापु राष्ट्रहरूमाथि अस्तित्वको सङ्कट उत्पन्न भएको अवस्थाप्रति नेकपा (एमाले) चिन्तित छ । जलवायु सङ्कटको सामना र जलवायु न्यायको एजेण्डालाई उच्च प्राथमिकतामा राखेर अगाडि बढ्न पार्टी सङ्कल्पबद्ध छ ।

– यस राष्ट्रिय सङ्कटको सामना गर्ने विषयमा सरकारको भूमिका अव्यवस्थित र निष्प्रभावीमात्र होइन, कतिपय मामलामा गैरजिम्मेवार समेत देखियो । सरकार एक्लै अगाडि बढ्ने अहंकारी बाटोमा हिँड्यो । प्रदेश र स्थानीय सरकारको भूमिकालाई उपेक्षा गर्ने, राष्ट्रिय दलहरूसँगको समन्वय र सहकार्यलाई अस्वीकार गर्ने एवं पीडितहरूमा सान्त्वना र भरोसा जगाउने विषयमा सरकार चुक्यो । सुरूङमा फँसेका सयौं प्राविधिक जनशक्तिलाई उद्धार गर्ने मानवीय विषयमा विदेशी सहायता नलिने भनेर सुरुमा लिइएको गैरजिम्मेवार नीतिले उहाँहरूलाई जीवितै उद्धार गर्न सकिने संवेदनशील समय गुज्रेर गएको यो लापरबाही सामान्य होइन । एक्लै अगाडि बढ्ने अहम्, समन्वयविहीनता र अन्य पक्षको भूमिकालाई निषेध गर्ने सरकारको व्यवहारले उद्धार र राहत कार्य प्रभावित भएको कुराप्रति नेकपा (एमाले) आपत्ति व्यक्त गर्दछ ।

– जनतालाई विपत्ति परेको यस घडीमा अनेकौं कष्ट र दुःख सहेर राहत र उद्धारमा खट्नुभएका नेकपा (एमाले) सम्बद्ध जनसङ्गठन र पार्टीका स्वयंसेवकहरूको उच्च प्रशंसा गर्दछ ।

– नेपाललाई परेको यस महाविपत्तिको समयमा राहत, उद्धार र पुनर्निर्माणमा सहयोग गर्ने छिमेकीलगायत सबै मित्रराष्ट्रहरू र अन्य सङ्घ-संस्था, व्यक्ति र नेपाली नागरिकहरूलाई नेकपा



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेबपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

(एमाले) धन्यवाद ज्ञापन गर्दछ । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललगायत उद्धार र राहतका काममा अहोरात्र खटिने राष्ट्रसेवक कर्मचारीहरू, बागमती प्रदेश सरकार र स्थानीय तहहरूलाई उच्च प्रशंसासहित धन्यवाद ज्ञापन गर्दछ ।

– बाढीबाट विस्थापित बालबालिका, गर्भवती र सुत्केरीहरू, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिलगायतलाई केन्द्रबिन्दुमा राखेर तत्काल प्रभावकारीरूपमा पुनर्स्थापनाको काम थाल्न पार्टी माग गर्दछ । ध्वस्त भएका पुल र सडकहरूको तत्काल मर्मत सम्भार गर्दै रसुवा, नुवाकोटको त्रिशुली पारीको भूभाग र धादिङ सदरमुकामलाई जोड्ने यातायात सम्पर्क पुनः सञ्चालन गर्न माग गर्दछ । वस्तीहरूको वैज्ञानिक अध्ययनका आधारमा पुनर्निर्माणको काम तत्काल सुरू गर्न ध्यानाकर्षण गर्दछ ।

**(ग) राष्ट्रियता, लोकतन्त्र र जनजीविका**

– नयाँ सरकार बनेको केही घण्टा बित्दानबित्दै पार्टी अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीलाई रातारात गरिएको घर घेराउ र गिरफ्तारी एवं लगाउन खोजिएको मुद्दा राजनीतिक प्रतिशोध र मुलुकलाई मुठभेडतिर लैजाने दूषित मनशायको पराकाष्टा थियो । यो बैठक सरकारको उक्त प्रतिशोधी कुकृत्य र त्यसको केही समयपछि पार्टी उपाध्यक्ष विष्णुप्रसाद पौडेललाई गरिएको दुराशययुक्त गिरफ्तारीको निन्दा र भर्त्सना गर्दछ ।

– स्वदेशी र विदेशी मिडियाहरूले सार्वजनिक गरिरहेका नयाँ तथ्यहरू, अन्तरिम सरकारका पदाधिकारी एवं कथित छानवीन आयोगका अध्यक्ष स्वयंले सार्वजनिक रूपमा व्यक्त गरेका अभिव्यक्तिहरूले भदौ २३/२४ को घटनाका पछाडि रहेका अनेकौं षडयन्त्रहरूको पर्दा खुलाउँदै लगेको छ । सरकार भने भदौ २४ को राज्य विध्वंशको छानवीनलाई पन्छाउँदै लैजाने, त्यसमा सङ्लग्नहरूलाई उन्मुक्ति दिने, भदौ २३ को घटनामा राजनीतिक नेतृत्वविरूद्ध दूषित मनशायका साथ अभियोजन गर्ने तर त्यस दिनको सुरक्षा कारवाहीहरूको यथार्थलाई भने लुकाउने षड्यन्त्र गरिरहेको छ । यो बैठक सरकारको यस षड्यन्त्रपूर्ण क्रियाकलापको भर्त्सना गर्दछ र भदौ २३/२४ को घटनाको निष्पक्ष छानवीनका लागि सक्षम न्यायिक आयोग गठन गर्न माग गर्दछ । छानवीनका लागि यसअघि गठित आयोगहरूका प्रतिवेदन अविलम्ब यथार्थ र पूर्ण पाठसहित सार्वजनिक गर्न माग गर्दछ ।

– यो सरकार गठन भएलगत्तै सुकुम्बासी बस्तीमा निर्ममतापूर्वक डोजर चलाउँदै गरिएको सुकुम्बासी विस्थापन नागरिकको मौलिक हक र मानवीयताका समेत विरूद्ध थियो । यसक्रममा ५ जना सुकुम्बासीहरूले आत्महत्या गर्ने अवस्था सिर्जना हुनु असाध्यै संवेदनशील विषय हो । यसका लागि सरकार जिम्मेवार छ भन्ने स्पष्ट छ । ५ महिनाभन्दा बढी समय बित्दा समेत विस्थापितहरूको व्यवस्थापन गर्न नसक्ने सरकारको यस गैरजिम्मेवार र जनविरोधी व्यवहारको यो बैठक विरोध गर्दछ ।

- सरकार गठन हुनासाथ नेपालको संविधानले प्रत्याभूत गरेको ट्रेड युनियन अधिकार, विद्यार्थीहरूले बलिदानी सङ्घर्षका बलमा पञ्चायत कालमै प्राप्त गरेको स्ववियु अधिकारलगायत मानव अधिकारहरूको जसरी कटौती गरिँदैछ, मिडियाहरूको स्वतन्त्रतालाई विभिन्न बहानामा नियन्त्रण गरिँदै छ, सरकारको आलोचना गर्ने नागरिकहरू, अभियन्ताहरू र बौद्धिक व्यक्तित्वहरूलाई जसरी गिरफ्तार गरेर अधिनायकवादी राज्य स्थापना गर्ने धृष्टता हुँदैछ, बैठक गम्भीर आपत्ति व्यक्त गर्दछ । लोकतन्त्र तथा मानव अधिकारका पक्षमा अविचलित रूपमा लडिरहने सङ्कल्प गर्दछ ।

- संविधान संशोधनका नाममा एकपक्षीय र अनुत्तरदायी 'कार्यदल' गठन गरेर संविधानका आधारभूत संरचना नै भत्काउने सरकारी प्रयासप्रति पार्टी गम्भीर छ । संविधान आफैमा गतिशील दस्तावेज भएकाले आवश्यकता र औचित्यका आधारमा यो संशोधन हुनसक्छ र उपयुक्त समयमा संविधानका कतिपय प्रावधान संशोधन गर्नु पनि पर्छ भन्ने कुरामा पार्टी स्पष्ट छ । तर संविधानप्रति यस सरकारको कुनै स्पष्ट प्रतिबद्धता र निष्ठा नरहेको पृष्ठभूमिमा, सरकारले संशोधनको नाममा संविधानका आधारभूत स्तम्भलाई नै धक्का पुऱ्याउने नियत बोकेको स्पष्ट देख्न सकिन्छ । पार्टी संविधानको रक्षाका निम्ति दृढतापूर्वक उभिने सङ्कल्प गर्दछ ।

- आमनागरिकहरू यतिबेला खाना पकाउने ग्यासको हाहाकार, विकराल बन्दै गएको महङ्गी र अन्धाधुन्ध बढाइएको करबाट आक्रान्त छन् । बढ्दो आत्मदाह, आत्महत्या र वाह्य प्रवासनमा जाने युवाहरूको निरन्तर बढ्दो सङ्ख्याले समाजमा नैराश्य बढ्दै गएको स्पष्ट सङ्केत गर्दछ । व्यवसायीहरू इतिहासमै सबैभन्दा बढी मनोबल खस्किएको अवस्थामा छन् । लगानी झनै सङ्कुचित हुँदै गइरहेको छ । तर सरकार जनताका यी समस्याप्रति पूरै संवेदनहीन देखिएको छ । पार्टी जनताको यस पीडाप्रति सम- अनुभूति व्यक्त गर्दछ । महङ्गी नियन्त्रण, खाना पकाउने ग्यासको सहज आपूर्ति र अन्धाधुन्ध बढाइएको कर फिर्ता लिन माग गर्दछ । गतः वर्ष व्यवसायिक प्रतिष्ठानमाथि हमला र आगजनीमा सङ्लग्न भएका दोषीहरूलाई अविलम्ब कारवाहीको दायरामा ल्याउन, व्यवसायीहरूलाई त्रसित पार्ने क्रियाकलाप तत्काल बन्द गर्न र अनुकूल व्यवसायिक वातावरण निर्माण गर्न ध्यानाकर्षण गर्दछ ।

- गतः वर्ष भदौका विध्वंश र त्यसपछि विकसित घटनाक्रमसँगै नेपालको राष्ट्रिय हित विरूद्धका गतिविधि बढेका छन् । छिमेकी मित्रराष्ट्रहरूका संवेदनशीलतामाथि आँच पुऱ्याउने कामले अविश्वास बढाइरहेको छ । संसदको मञ्चबाटै दिएको सीमा सम्बन्धी गैरजिम्मेवार, विवादास्पद र आत्मघाती अभिव्यक्तिलाई प्रधानमन्त्रीबाट अझै सच्याइएको छैन । गैरजिम्मेवार सरकार र बढ्दो भूराजनीतिक चलखेलले राष्ट्रिय हित, महत्वपूर्ण प्राकृतिक स्रोतको रक्षा र स्वाभिमानको संरक्षणको प्रश्न अझ संवेदनशील बनेको छ । पार्टी राष्ट्रियताप्रतिको यस जोखिमप्रति संवेदनशील र सतर्क छ ।



तुल्सीलाल स्मृति भवन, च्यासल, ललितपुर, नेपाल, फोनः +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, पो.ब.नं.: ५४७१, ईमेल : partyhq@cpnuml.org, वेवपेजः www.cpnuml.org
Tulsilal Memorial Building, Chyasal, Lalitpur, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, PO Box No. 5471, Email: partyhq@cpnuml.org, Website: www.cpnuml.org

- यस्तो प्रतिकूल परिस्थितिमा राष्ट्रिय हितको रक्षा, लोकतन्त्र र संविधानको जगेर्ना एवं जनताका हितका प्रश्नमा सार्थक संवाद, सहकार्य र एकताका लागि नेकपा (एमाले) सबै देशभक्त, लोकतन्त्र र संविधानका पक्षधर राजनीतिक दल, नागरिकहरू एवं बौद्धिक समुदायमा आह्वान गर्दछ ।

**(घ) प्रवासी नेपाली:**

- रेमिट्यान्सका स्रोत मात्रै नभएर नेपालको लोकतन्त्र र राष्ट्र निर्माणका साझेदारका रूपमा रहेको प्रवासी नेपालीहरूको भूमिकालाई नेकपा (एमाले) सम्मान गर्दछ । नेपालको पुनर्निर्माणमा प्रवासी नेपालीहरूको थप भूमिका सुनिश्चित गर्न र मताधिकार, नागरिकता, लगानी र सम्मानित रोजगारी, सामाजिक सुरक्षालगायत उहाँहरूका सरोकारलाई संबोधन गर्न पार्टी गम्भीर रहेको विश्वास दिलाउँदै यसका लागि उहाँहरूसँग नियमित संवाद गर्दै समस्या समाधानमा सहजीकरण गर्ने सङ्कल्प गर्दछ ।

**(ङ) विशेष सङ्कल्प:**

- केन्द्रीय कमिटीको तेस्रो बैठक पार्टीको आन्तरिक एकतालाई सुदृढ गर्न र पार्टी पुनर्जागरण एवं सुदृढीकरणका ठोस योजना निर्माण गर्ने सम्बन्धमा अत्यन्त महत्वपूर्ण रह्यो । बैठकमा हामीले विगतमा रहेका कमीहरूको गम्भीर समीक्षा गरेका छौं, तिनलाई सच्याउँदै आगामी दिनमा नदोहोऱ्याउने प्रण गरेका छौं र सुधार तथा रूपान्तरणको मार्गचित्र तयार गरेका छौं । बैठकका निर्णयलाई गम्भीरतापूर्वक बोध र निष्ठापूर्वक कार्यान्वयन गर्दै अगाडि बढ्न पार्टीका सबै नेता कार्यकर्तालाई आग्रह गर्दछौं । यसबीचमा देखापरेका कतिपय असमझदारी र अस्वस्थताहरू यस बैठकदेखि अन्त्य भएका छन् र पार्टी भावनात्मक रूपमा थप एकजुट भएको छ । बैठकको यस सन्देशलाई आत्मसात् गर्दै लोकतन्त्रको रक्षा र निर्वाचनको तयारीसम्बन्धी पार्टीले तय गरेका प्रमुख कार्यभारमा केन्द्रित हुन यो बैठक समग्र पार्टीपङ्क्तिलाई आह्वान गर्दछ ।

**(च) विविध:**

- बङ्गालको खाडीमा विकसित भइरहेको प्रणालीका कारण आगामी ३ दिनसम्म नेपालका विभिन्न भूभागमा ठूलो वर्षाको सम्भावना रहेको पूर्वानुमान जल तथा मौसम विज्ञान विभागले गरेको छ र विभिन्न जिल्लाहरूलाई रेड अलर्टमा समेत राखिएको छ । यो बैठक सबै नेपाली दाजुभाइ दिदीबहिनीहरूलाई सतर्क रहन, मौसम पूर्वानुमान र सम्बद्ध निकायहरूले जारी गरेका सूचनाको परिपालना गर्न र अत्यावश्यक बाहेक यात्रामा ननिस्कन आग्रह गर्दछ ।

- यस बैठकको व्यवस्थापनमा सहयोग पुऱ्याउने सबै स्वयंसेवक, सुरक्षाकर्मी, सञ्चारकर्मीहरू र बैठकका लागि हल उपलब्ध गराउने रामबाग पार्टी प्यालेसलाई धन्यवाद ज्ञापन गर्दछ ।